मस्टो-बाणी

भूमिराज भण्डारी
राखु - नेपाल

८१.६१
४६८म

मस्टो पूजा



कार्की-घर्ति क्षेत्री मस्टथान - मल्लाज

मस्टो-वाणी

श्री डिल्लीरमण-कल्याणी रेग्मी
पुस्तकालयप्रति उपहार !!!
२०६३/४/२

भूमिराज भण्डारी
राखु - नेपाल

लेखक तथा प्रकाशक:
श्री भूमिराज भण्डारी
राखु सिजाल गाउँ, स्वस्थानी टोल
राखु भगबती गाबिस-८, म्याग्दी, नेपाल ।

सर्वाधिकार लेखक तथा प्रकाशकमा सुरक्षित

G.NO. 1082

प्रति: १००० (एक हजार प्रति)
प्रकाशन मिति: २०५४ जेष्ठ ४ गते

मूल्य रु. ५०।-

मस्टो-बाणी

नेपाल अधिराज्यको धौलागिरी अन्चल म्यागदी जिल्लाको राखु भन्ने बिशाल गाउँको फेदीमा नेपालका मुकुट हिमालयबाट बगेर आएका कृस्न गन्डकी (कालीखोला) र रघुगङ्गा (राउखोला) को मिलन भएको ठाउँ दोबिल्लामा तपस्स्या योगसाधना गरि राखेका महायोगी बहादुर बाबाले सदा झैं मस्टो पूर्णिमा-जेठी पूर्णिमाको दिनमा मिमिरि उज्यालो हुने बेलामा उठी कालीगन्डकीमा न्वाइध्वाइ गरी आफ्नो कुटीमा आई शालीगराम दर्शन ढुङ्गाको अगाडि धूपबत्ती बाली पूजा गरी स्तुति-प्रार्थना गर्नुभयो :

"हजुर बा-आमा, राजा-रानी, हजुर दाजुभाइ-दिदीबैनी
हजुर धनदौलत ज्ञानगीता, हजुर सबैभन्दा ठूला देउता"।

तेसपछि महायोगी बहादुर बाबाले प्रार्थना पश्चात पदमासनमा ध्यान गर्न थाल्नुभयो। तेति नै बेला उहाँको कुटीबाहिर बिमानको आबाज सुनियो। तत्कालै ध्यान समाप्त गरी उहाँ बाहिर निस्कनुभयो। त्याँ कुटी नजिकैको चौरमा बिमान बस्यो र बिमानबाट एकजना दिब्य पुरुस बाहिर मैदानमा उत्रीबक्स्यो। बिमान मुक्तीनाथको दिशातर्फ लाग्यो। सो दिब्य पुरुस त्याँबाट फटाफट हिँडेर महायोगी बहादुर बाबाको कुटीमा आई कुटीभित्र स्वाँट्टै पसीबक्स्यो। दाइने हातमा घन्ढी समाती बक्सेका, टौवा जस्तो बाल भएका, शरीरमा भोटो, कछाड, कोट र कम्मरमा पटुका बाँधीबक्सेका, सुनबाट बनेको ॐ लेखिएको जनैको माला लगाइबक्सेका, काला बर्णका दिब्य पुरुस आफ्नो कुटीभित्र उभिउको देखेर अचम्म, डर र हर्सको अनुभब गर्दै महायोगी बहादुर बाबाले दिब्य पुरुसको दुबै पाउमा शिर राखी ढोग गर्नु भयो। ढोग गरिसकेपछि माथि उठेर नमस्कार गर्दै महायोगी बहादुर बाबाले सोध्नुभयो :

"हे भगबान ! हजुर साक्षात भगबान आज यो भक्तको भक्तीबाट प्रसन्न भै दिब्यदर्शन दिन बाराअलोकबाट बिमान चढेर यो सेबकको कुटीमा सवारी होइबक्स्यो। एस मनुस्से लोक पिर्थिबीमा हामी ब्रह्मा, बिस्नु, शिब, मस्टो, राम, कृस्न, बुद्ध, काली, शालीगराम, घाम, सूर्य, चन्द्र, जून, आगो, पानी दुर्गा, भगबती, लक्ष्मी, सरस्वती, पार्बती, देबी, गणेश आदि इत्यादि भगबान-भगबतीहरुको पूजा-उपासना, ब्रत-यज्ञ, बलि, भजन, कीर्तन, आदि गर्दछौं। हजुर बा भगबान बाराअ मस्टो देउता होइबक्सन्छ जस्तो मलाई लागिरहेछ। हजुर को होइबक्सन्छ ? यो भक्तमाथि दया गरी आज्ञा होस् परमेश्वर !"

दिब्य पुरुसले दाइने हातमा भएको घन्टी किर्लिङ-किर्लिङ बजाइबक्स्यो, दायाँ-बायाँ कानमा सुनीबक्स्यो, तेसपछि घन्टीको रालो मुखतर्फ फर्काइबक्स्यो। अनि देब्रे हातमा राखीबक्स्यो र बोलीबक्स्यो :

पाँच भाइ छोराहरु र पाँच बैनी छोरीहरुलाई भासा, लिपि, गणित, धर्म सिकाए। ती पाँच भाइ छोराहरुको नाम निम्न प्रकार थियो:

जेठा छोराको नाम या कासा = यकस = यक्ष

माहिला छोराको नाम काकासा = ककस = कक्ष

साइँला छोराको नाम दाकासा = दकस = दक्ष

काइँला छोराको नाम लाकासा = लकस = लक्ष

कान्छा छोराको नाम राकासा = राकस = रक्ष

"नानी" षस लोग्नेस्वास्नीले आफ्ना पाँच भाइ छोराहरुको बिबाह आफ्ना पाँच बैनी छोरीहरुसँग गरिदिए। जेठा छोराले जेठी छोरीसँग, माहिला छोराले माइली छोरीसँग, साइँला छोराले साइँली छोरीसँग, काइँला छोराले काइँली छोरीसँग र कान्छा छोराले कान्छी छोरीसँग बिबाह गरे। इ सबै पाँच भाइ छोरा-छोरीहरुबाट हरेकका बारह-बारोटा छोराहरु र बारह-बारोटी छोरहिरु जन्मे र जनसङ्ख्या बढ्दै गयो अनि यौटै बाउ-आमाका छोराछोरिको बीचमा बिबाह गर्न नहुने नियम बन्यो। भाइतिहार-भाइटीका शुरु भयो।

बाराअलोकबाट यो पिर्थिबीमा आएको ठीक चौरासी (८४) बर्सपछि ती षस लोग्नेस्वास्नी "नानी" को एकैसाथ, सङसङै, एकै समय मस्टोपूर्णिमा - जेठीपूर्णिमाको दिनमा मरण भयो। "नानी" का छोराछोरहिरुले आफ्ना बा-आमाको मृत शरीरलाई आफ्नो राज्यको एक भागमा जमीनमूनि गाडी एक एक ओटा चौतारा र चौतारी बनाए। दुबै चौतारा-चौतारीको ओरिपरि सँधै "यल ले, जल ले, पानी ले "हए" भन्ने आबाज दिनरात सुनिन थाल्यो। ओरिपरिका ढुङ्गा, शिला, पत्थर, भीरपहरा सबै काला भए, एसरी भगबान बिस्नुका शक्तीले "शालीगराम" दर्शन ढुङ्गाको उत्पत्ती भयो। आफ्ना बा-आमा "नानी" लाई बाराअलोक बैकुन्ठ प्राप्त नभएको, मुक्ती नमिलेको देखेर "नानी" का छोराछोरी, नाति नातीनीहरुले सो चौतारा-चौतारीमा भेला भै मस्टो पूर्णिमाको दिनमा बाजा बजाउँदै मेरो पूजापाठ, धूपबत्ती गरी भेडाको कालो साण बलि चढाए। साणको बलि चढाउने बित्तिकै ती मरेका लोग्ने मानिस षस "ना" तुरुन्तै चौतारो फोरेर बीच भागबाट सुन्दर शरीर धारण गरी बाहिर निस्के र भेडाको कालो साणको रगतको भोग खाए। ती पुरुसले भोग खानेबित्तिकै आफ्नी स्वास्नीलाई बोलाए। लोग्नेको आबाज सुनेर ती मरेकी षस आइमाइ "नी" पनि सुन्दरी रुप धारण गरेर चौतारो फोरेर बाहिर निस्कीन् र लोग्ने-स्वास्नीको पूनर्मिलन भयो। "ना" ले आफ्ना छोराहरुसँग घन्टी मागे र चौतारामाथि चढेर "हेर् हेर् बा हुम्, बाबा हुम्, बाबै हुम्, कुलै हुम्, बाराय हुम्, बाराअ हुम्, मस्ट हुम्, यल ले, यल ले, जल ले, जल ले, पानी ले, पानी ले हए" भन्न थाले। शालीगराम दर्शन ढुङ्गाहरु भगबान बिस्नुका औतार सृस्टी र मस्टका अङ्ग भएकाले "मस्ट अङ्ग" भए। मस्ट+अङ्ग=मस्टाङ्ग भयो र शालीगराम "मस्टाङ्ग" भनेर यो पिर्थिबीमा प्रसिद्ध

भए। म+सत+अङ्ग=मसताङ्ग, मस्ताङ्ग, मस्टाङ्ग भयो। सत, सताङ्ग, मसताङ्ग, मस्ताङ्ग, मस्टाङ्ग भयो। शालीगराम पाइने ठाउँलाई मानिसहरु "मस्टाङ्ग" भन्न थाले। "मस्टाङ्ग" लाई आजभोलि यो पिर्थिबीमा मानिसहरु "मस्ताङ्ग, मुस्ताङ, मुस्ताङ्ग" भन्दछन्। मस्टाङ्गबाट ती मस्टले आफ्नी स्वास्नी मस्टीलाई साथमा लिएर घन्टी बजाउँदै आफ्ना सन्तानलाई "अब तिमीहरु मेरो पछि लाग, म बाराअ मस्टो भगबानको पूजा गर्ने थानमा लैजान्छु" भनी अघि-अघि हिंडे, अरु सबै षस नरनारीहरु मस्टको पछि लागे। अनि मुक्तीनाथमा आइपुगे। अनि मुक्तीनाथमा आइपुगेपछि घन्टी बजाउँदै "हेर् हेर् बा हुम्, बाबा हुम्, कुल हुम्, बाराय हुम्, बाराअ हुम्, मस्ट हुम्, मस्टै हुम्, यल ले, यल ले, जल ले, जल ले, पानी ले, पानी ले हए" भन्दै हल्लीरहे। मैले तुरुन्तै त्याँ पानीको मूल फुटालीदिएँ। तेसपछि ती मस्टले जल आफ्नो शिरमा खन्याए अनि आफ्ना छोराहरुलाई "लौ भेडाको कालो साण काटेर बलि चढाउ हए, म भोग खान्छु हए" भने। भेडाको साण काट्ने बित्तिकै मस्टले मेरा नाममा भोग खाए अनि धूप बत्ती गरे। त्यो दिन जेठ महिनाको जेठीपूर्णिमा-मस्टो पूर्णिमाको दिन थियो। म तिनीहरु देखेर सारै खुशी भएँ।

अनि बाराअलोकबाट बिमानमा चढेर धान र जौ का जमराहरु लिएर मुक्तीनाथमा आएँ। तेसपछि भबिस्सेमा यो पिर्थिबीका सबै मानिसहरुले मुक्ती पाउन अनि मेरो बाराअ लोक आउन पाउन् भनी अर्को पानीको मूल फुटाली त्यो पानीमा कैल्यै ननिभ्ने बत्ती बालीदिएँ। तेसपछि ती सबै षस मानिसहरु सो बत्तीको ओरिपरी आइ "आरती तापे। त्यो बत्ती बलेको ठाउँ "ज्वालामाई" भनेर यो पिर्थिबीमा प्रसिद्ध भयो। अब सुन बहाँदुर योगी! कसरी "मुक्तीनाथ" भयो भनेर। शालीगराम "मस्टाङ्ग" भएकाले षस मानिसहरुले "शालीगराम" पाइने ठाउँलाई "मस्टाङ्ग" भन्न थाले। अनि "ज्वालामाई" भएको ठाउँलाई "सतीनाथ, मसतीनाथ, मस्तीनाथ, मस्टीनाथ" भन्न थाले। "मसतीनाथ" बाट मुक्तीनाथ भयो र "मुक्तीनाथ" भनेर यो पिर्थिबीमा प्रसिद्ध भयो, भएको छ र भैरहनेछ।

आरती तापेपछि मैले सबै षस मानिसहरुलाई बाराअलोकबाट ल्याएको धान र जौका जमराहरु दिएर भनें - "यो सतबीउ हो, सतबीज हो। हेर तिमीहरुले इ धानका जमराहरुलाई माटोमा रोप्नु, सधैं पानी लगाउनु, ठीक चौरासी (८४) दिनपछि यो बोटबाट फल्ने धान पाक्छ, धान पाकेपछि काट्नु र बाजा बजाउँदै धान आफ्नो गाउँघरमा लैजानु, गाउँको बीचमा ठूलो खल कोट बनाउनु, कोटमा मौलो बनाउनु अनि कोटको आँगनमा धान झाँटेर थान र पराल छुट्ट्याउनु, तेसपछि धान ढिकीमा कुट्नु र चामल निकाल्नु। कोटमौलामा भेडा, बाख्रा, च्याङ्राका बोका, पाठा, साणको बलि चढाउनु। कोटमौलामा खुकुरी, खुणा, तरबार, आँसी, घन, बन्चरो आदि इत्यादि हातहतियारहरु र नरसिङा, कर्नाल, दमाहा, सनाइ, मादल, ट्याम्को, खैंजडी, मुजुरा आदि इत्यादि बाजागाजाहरुको पूजा गरी बिश्वकर्मा देउतालाई खुशि गराउनु। बलिको रगत हातहतियारहरुमा छर्कनु। बलिको रगतमा चामल मुछेर मेरो पूजा गर्नु अनि

तिमीहरुले आफ्नो निधारमा चामलका अछेताका टीका र जमराहरु शिरमा लगाउनु । आफ्ना छोराछोरी, दाजुभाइ, दिदीबैनी, भान्जाभान्जी आदि सबैलाई तेसै गरी टिका र जमरा लगाइदिनु । गाई-भैसी पाल्नु । गाई-भैंसीको रक्षा गर्नु । तेसपछि गाईं तथा भैंसीको दुधमा चामल पकाउनु, पाकिसकेपछि त्यो खीर मलाई चढाउनु अनि बोका, पाठा, साणको मासु र खीर तिमीहरुले खानु । सधैं हरेक बर्स यस्तै गर्नु र एस्लाई "दशैं" भनेर मान्नु । दशैं कोटमौलामा भेडा, बाखा, च्याङराका बोका, पाठा साणको बलि चढाउनु । एउटा कुरा मनमा राख्नु, यो हिमालय पहाड भन्दा तल चौंरी गाई नलैजानु, हिमालय-पहाडभन्दा माथि भैंसी नल्याउनु । अबदेखि पृथ्वीमा हिउँ पर्नेछ र यो पहाड हिमालय बन्नेछ । कोटमौला दशैं, धानको खेती, टीका-जमारा, भेडा-बाखा र गाई-भैंसीको विषयमा यो सारा पार्थिबीभरि प्रचार-प्रसार गर्नु । यो सारा पृथीबीमा तिमिहरु "(गाईपाला-भैंसीपाला (गोपाल-महिषपाल)" भनेर सुप्रसिद्ध हुनेछौ । सबै मानिसहरुले धानको चामल खाउन्, भात खाउन्, खीर खाउन्, दशैं मानुन्, टीका जमारा लगाउन्, जौ को सातु-पीठो, ढिणो खाउन् । साथै मेरो आत्मा सूर्यको चक्र भएका भगबान बिस्नुका औतार मस्टाङ्ग शालीगराम दर्शन ढुङ्गालाई बा मानेर अबदेखि पूजा गर्नु । अबदेखि हरेक बर्स जेठी पूर्णिमाको दिनमा म सत बाराअको पूजा धूमधामका साथ गर्नु, तिमीहरुका सन्तानले पृथ्वी ढाक्नेछन् । पानी तिम्रो प्राण हो, सत हो । अबदेखि पानीबाट नून बन्नेछ । नून तिम्रा बा-आमा "नानी" को रगत-मासु हो, अबदेखि तिमीहरुले नून खानुपर्छ, नून खाएनौ भने तिमीहरु मर्नेछौ । पिर्थिबीका सबै मानिसहरुले अबदेखि "नुन" खानु, प्रचार-प्रसार गर । नुन प्राण हो, सत हो । आजदेखि यो पिर्थिबीमा जल "नुन" मा परिण्त हुनेछ । यल (जल) बाट हिउँ बन्नेछ, जलबाट नुन बन्नेछ । अबदेखि तिमीहरुले आफ्ना बा-आमा मरेपछि बा-आमाको सम्फनामा बाटोघाटोमा चौतारा-चौतारी बनाउनु, चौतारा-चौतारीमा रुख रोप्नु र चौतारा-चौतारीको ब्या गरिदिनु । तिम्रा बा-आमाप्रतिको सच्चा भक्ती-श्रद्धा त्यो हुनेछ ।"

एति भनिसकेपछि ती "ना" नामक षस लोग्नेमानिस र "नी" नामक षसी स्वास्नीमानिसलाई मेरो बिमानमा हालेर म बाराअलोकमा फर्कें । एसरी षस नरनारी "नानी" ले मुक्ती पाएको ठाउँ भएर त्यो ठाउँ "मुक्तीनाथ" भनेर प्रसिद्ध भयो, भएको छ र भैरहनेछ ।

मुक्तीनाथमा जम्मा भएका षस मानिसहरु त्याँबाट धान र जौका जमराहरु कान र टोपीमा स्युरेर नरसिङा, कर्नाल, सनाइ, दमाहा, ट्याम्को आदि बाजाहरु बजाउँदै नाच्दै गाउँदै आफ्नो देशमा फर्के । ती षस मानिसहरुले एसरी यो पिर्थिबीमा सबैभन्दा पहिला धान र जौका जमराहरु मबाट प्राप्त गरी धान रोपेर धानको उत्पादन गरी चामल निकाली भात र खीर खान थालेकाले र जौको खेती गरि सातु, पीठो, ढिणे खान थालेकाले मबाट प्राप्त गरेको "जमरा" रोपिएको देश यो सन्सारमा "जमरा देश" भनेर प्रसिद्ध भयो । त्यो ठाउँलाई यो पिर्थिबीमा मानिसहरु आजभोलि "जम्ला, जुम्ला" भन्दछन् । अनि सतबीउ छर्ने परम्पराको शुरुआत

भयो । हेर योगी ! एसरी यो सन्सारमा धानको खेती गरी भात र खीर खाने अनि दसैं मान्ने परम्पराको शुरुआत षसहरुबाट भयो र कालान्तरमा यो पिर्थिबी भरि फैलियो । पिर्थिबीमा हिउँ पर्न थाल्यो । नुन बन्यो । सबैले नुन खान थाले । जेठी पूर्णिमा मस्टो पूर्णिमा भयो र सन्सार भरि फैलियो ।

कालान्तरमा "नानी" का सन्तानहरु "पाँचजात" मा बाँडिए । पाँच जात भनेको "पान्चयात" हो । पाँच जात-जातीलाई "पान्च यातायाती" भनिन्थ्यो । छोटकरीमा "पान्च यात" भनिन्थ्यो । "पान्चयात" भन्नाले "पाँच जात" भन्ने बुझिन्छ । "यात" बाट "जात" र "याती" बाट "जाती" भन्ने शब्दहरु बने । यात (जात) भन्नाले पुरुस (भाले) र याती (जाती) भन्नाले आइमानइ (पोथी) बुझिन्छ । "यातायाती" बाट "जातजाती" शब्द बनेको हो । एसरी षस जातीमा "पाँच जात" बेबस्थाको उदय भयो र "पान्चयात" भनी बिश्व प्रसिद्ध भए । पाँच जातजातीले चौंरी गाईको दुध, दही, मही, नौनी र ध्यु खान थाले । चौंरी गाईलाई आमासरह मान्न थाले । खुणा, आँसी, खुकुरी, बन्चरो, कुटो, कोदालो, हलो, ज्वा, बाउसो आदि औजारहरु, कर्नाल, सनाइ, नरसिङा, दमाहा, ट्याम्को, झ्याली आदि बाजाहरु र ढिकी, जाँतो घट्टको अबिस्कार भयो । जौ र धान मुख्य खाना भए । जौको सातु र ढिणो खान थाले, जौ "सत" थियो । धानको भात, खीर, चाम्रे, रोटी, भूजा, पीठो, च्युरा, श्रीम्ला, कडी खान थाले । भात "धन" थियो । जौ र धानलाई "सत धन" भनिन्थ्यो । जौ लाई "यवु" भनिन्थ्यो । "यवु" बाट "यउ, जउ, जौ" भै बनेको हो । "यवुम" बाट "यवुँ, युँ, हिउँ" भै "हिउँ (ह्यूँ)" शब्द पनि बन्यो । "धान" भन्ने शब्द "दाना" बाट बनेको हो । षस जातीसँग "धान" भएकोले, षस जातीले धान उत्पादन गरेकाले, षस जातीले धान-चामल दान गर्ने भएकाले षस जातीलाई "दानी, खानदान, दाना, दानब, दानबेन्द्र" भनीन्थ्यो । "दाना" बाट "दान, धान" हुँदै "धान" शब्द बन्यो । धानलाई "धन" मानियो । त्यौदेखि षस जातजातीले धान-चामलको टिका र जौको जमरा लाउन थाले, दसैं शुरु भयो । सन्सारभरि "जौ-धान" फैलियो, खेती हुन थाल्यो । जौ-धानका साथै मकै, कोदो, फापर, गउँ, वा, आलु आदिको खेती हुन थाल्यो । भात, पीठो, रोटी, ढिणो, सातु, खोले, आटो, खान थालियो । गाई र भैंसी पाल्न थाले । गाई र भैंसको दुध, दही, मही, नौनी र ध्यु खान थाले । गाईका साँढे-गोरु खेतबारी जोत्ने काममा प्रयोग गर्न थालियो । भेडा, बाख्रा, च्याङ्राका ऊनबाट लुगा बनाएर लाउन थाले । प्वाको गादो, भाङरा बुनेर भिर्न थाले । भेडा, बाख्रा, च्याङ्राका मासु खान थाले । कौवा र कुकुर पाल्न थाले । अनि कौवातिहार, कुकुरतिहार, गाईतिहार, भैंसी तिहार, भाइतिहार - भाइटीका मान्न थाले । गाई पाल्ने र गोरस खाने हुनाले गोरखा पनि भनिए ।

पाँच जातजातीका राजा राकसईश कुम्भकर्ण थिए । कुम्भकर्णलाई "हिममानजल" भनिन्थ्यो । "हिममानजल" भन्ने शब्द "यीममानयल, इममानयल, इममानजल, हिममानजल" भै बनेको हो । "हिममानजल" को मतलब मल (जल-पनी) बोकेर हिँड्ने "हिमालय मानिस"

भन्ने बुझिन्छ। कुम्भकर्ण मरेपछि धौलागिरी हिमाल भएर बसे। कुम्भकर्णको हतियार त्रिशुल र खुकुरी थियो, उनी शिबका भक्त थिए। उनको बाजा कर्नाल थियो। "पाँच जात" लाई "पान्चयात" भनिन्थ्यो। "पाँचजात" अन्तरगत "राकस" हरु सर्वशक्तीमान, बिद्बान, बलवान, गुणी, खानदान, बीर, पराक्रमी, साहसी, ठूला, दानी, बिजइ, सुन्दर भएकाले इनीहरुलाई "राकसइस - राक्षस" भनिन्थ्यो। "पाञ्चयात" लाई श्रीपन्चम, श्रीपन्चमी पनि भनिन्थ्यो। "यातयाती" भन्नाले "जातजाती" बुझिन्छ। "पाञ्चयातयाती" भन्नाले "पाँच जात-जाती" बुझिन्छ। "यात" बाट "जात" र "याती" बाट "जाती" शब्द बन्यो। "पाञ्चयात" शब्दबाटै "पञ्चायत" शब्द बनेको हो। सत्य जुगदेखि चलेको "पान्चयात" भन्ने शब्द नेपाल र भारतमा आज भोलि पनि "पन्चायत" पन्चायत बेबस्था", "पन्चायती राज" भनेर लोकप्रिय र सुप्रसिद्ध छ। "पन्चायत" भनेर "पाँच जनाको संघ" भन्ने बुझिन्छ। "पन्चायत" लाखौं बर्स पुरानो बेबस्था-पद्धतिको नाम हो। "पन्चायत" पुरानो ज्यूँदो इतिहास हो।

कालान्तरमा जुम्लाका षसहरुको इन्दु देसका आर्य मानिसहरुसँग जम्काभेट भयो। षसहरुले आफूलाई "नानी" बाट जन्मेका, षस मानिसहरु हौं भनी परिचय दिए। इन्दु देशका मानिसहरुले हामी रीगाबाट फैललिई यहाँ इन्दु नदीको आसपासमा बसोबास गरेका "यर-यरी", अर-अरी, आरा-आरी" जातीका "ययी (अइ)" का सन्तानहरु हौं भनी परिचय दिए। षसहरुले आर्यहरुलाई "आरा-आरी, अर-अरी, यारा-यारी, यर-यरी, जार-जारी, सारा-सारी, सर-सरी, श्र-श्री, हारा-हारी, हर-हरी," आदि भन्दथे। आर्यहरु "ययी" का सन्तान थिएं। आर+य=आर्य भयो। "ययी" बाट "अइ" भयो र "अइजन, ऐजन" भन्न थालियो। आर्यहरु सेता बर्णका थिए। आर्यहरुले "नानी" बाट जन्मेका षस नरनारीहरु काला बर्णका भएकाले "नाअर-नाअरी, नीआर-नीआरी, नागर-नागरी, नीगार-नीगारी, नारानारी, नरनारी, काराकारी, करकरी, यातयाती, जातजाती, थरथरी, दारादारी, दरदरी, यानायानी, पानापानी, बानाबानी, वानावानी, गानागानी, गणगणी, दामादामी, नामानामी, कामाकामी, नानानानी, पालापाली, लालालाली, रारारारी" आदि भन्दथे। अनि षसहरु र आर्यहरुको बीचमा सन्धी-सम्धी-सम्झौता भयो। फलस्वरुप षस बंशका युबकहरुले आर्य बंशका युबतीहरुसित बिबाह गरे। एसरी काला षस मानिसहरुको सेता आर्य मानिसहरुसँग बिबाह भएकाले षस जातका दुलाहाहरुका बाले आर्य जातका दुलहीहरुका बालाई सम्धेलो गर्दा "अबदेखि तपाईं आर्यहरु हामी षसहरु जस्तै कालो भैंजानोस्" भनी दुबै गालामा कालो रङ पोतिदिए। दुलहीहरुका बाले दुलाहाहरुका बालाई "अबदेखि तपाईं षसहरु हामी आर्यहरु जस्तै सेतो भैजानोस्" भनी दुबै गालामा सेतो रङ दलिदिए। त्यसँदेखि बिबाहमा सम्धेलो गर्दा दुलाहाको बाले दुलहीको बालाई "कालो रङ" दलिदिने र दुलहीको बाले दुलाहाको बालाई "सेतो रङ" दलिदिने परम्परा शुरु भयो र सो परम्परा आजसम्म पनि चलिरहेको छ, चलिरहनेछ र चलिरहनु पर्दछ। एसरी काला बर्णका षसहरुले सेता बर्णका आर्य नारीसँग बिबाह गरेकाले काला षसहरुले आर्यहरुलाई

"कालो रङ" र तेसको बदलामा सेता आर्यहरुले षसहरुलाई "सेतो रङ" दलादल गरी बेउली (दुलही) अन्माउने अथवा छोरी-दिदीबैनीलाई बिबाह गरी लोग्नेको घरमा पठाउने परम्परा-चलन बसेको हो । षसं जातजातीका मानिसहरुले "पानी र आगो" लाई "बा-आमा अथवा "नानी" मान्दथे । षस जातजातीका मूलदेउता" पानी (यल-जल)" भन्नाले "बा" थिए । आर्य जातजातीका मानिसहरुले "पानी र आगो" लाई "बा-आमा" अथवा "ययी-अइ" मान्दथे । आर्य जातजातीका मूल देउता "आगो (अग्नी) थिए भन्नाले "मा (आमा)" थिइन् । षस जातीले यल (जल-पानी) को पूजा गर्ने भएकाले "बा दल" भनिन्थ्यो र आर्य जातीले आगो (अग्नी) को पूजा गर्ने भएकाले "मा दल" भनिन्थ्यो । षस र आर्य जातीको बीचमा बिबाह-सन्धी-सम्बन्ध कायम भएपछि दुबै जातीले पैला "पानी" को पूजा गरेपछि "आगो" को पूजा गर्ने नियम बन्यो । बिबाहमा "जल खाने" र "यज्ञ (जग्गे) बनाउने" कानुन बन्यो । पानी र आगोको दुबै जातीले बराबर पूजा गर्न थाले । पानी "सत" मानिए, आगो "सती" मानिइन् । त्यो समयभन्दा पहिला षस जातीले "आगोमा पोलेको" कुरा खाँदैन्थे भने आर्य जातीले "पानीमा पकाएको" खानेकुरा खाँदैन्थे, त्यो जमाना अचम्मको जमाना थियो । सत्य युग भनेको त्यो थियो । बिबाह-सन्धीपछि, दुबै जातीले "पानीमा पकाएर "र" आगोमा पोलेर" खान थाले । पानी र आगो बराबर भए । नयाँ सभ्यता शुरु भयो । एसरी पानीबादी काला षसहरु र आगोबादी सेता आर्यहरुको बीचमा "सम्धी-संन्धी" भयो । कालान्तरमा षस जातीले आफ्ना छोरहिरुको बिबाह इन्दु देशका आर्य जातीका छोराहरुसँग गरीदिए । त्याँदेखि षस जाती र आर्य जातीका बीचमा समय-समयमा बिबाह हुन थाल्यो । षसहरु पानीबादी भएकाले आइमाइहरुलाई मासिक धर्म र जस्वला हुँदा पानी "नछुनी" धर्म मान्दथे भने आर्यहरु आगोबादी भएको हुँदा आइमाइहरुलाई पोइ मरेपछि ज्यूँदै आगोको चितामा जलाएर मार्ने "सती" धर्म मान्दथे । कालान्तरमा दुबै जातीले "नछुनी धर्म" र "सती धर्म" मान्न थाले र सन्सारमा "नछुनी प्रथा" र "सती प्रथा" को चलन-परम्पराको विकास भएर गयो ।

षसहरुको देश हिमालय र आर्यहरुको देश इन्दु एक-आपसमा टाढा भएकाले षसहरुले आफ्ना दिदी-बैनीहरुलाई बर्सको एकचोटि आफ्नो घरमा बोलाएर भोज ख्वाउने परम्परा "दर खाने तीज" को शुरुआत भयो । इन्दु देशका आर्यहरुले पनि आफ्ना दिदी-बैनीहरुलाई बर्सको एकचोटि आफ्नो घरमा बोलाएर "दर ख्वाउने तीज" मान्न थाले । एसरी षस र आर्यहरुको बीचमा बिबाहको आदान-प्रदान भएपछि इन्दु देशका अरहरुले पनि धानको खेती गरी भात र खीर खान थाले । दशैं कोट मौलामा पूजा गरी टीका-जमारा लगाउन थाले, दुर्गा काली भगबती देबीको पूजा गर्न थाले । भेडा, बाखा, च्याङ्राका बोका, पाठा, साणको बलि चढाउन थाले । अनि दसैं मानीसकेपछि हिमालयका षसहरुले बर्सको एकचोटि इन्दु देशमा गै आफ्ना दिदी बैनीहरुको हातबाट टीका लगाउन थाले । एसरी भाइतिहार-भाइटीकाको चलन बढ्यो । इन्दु देशका आर्यहरुले पनि हिमालयमा आई आफ्ना दिदीबैनीहरुबाट टीका-फूलमाला लगाई भाइत्यार

-भाइतिहार मान्न थाले । भाइतिहार, भाइटीका, भाइत्यार सन्सारभरि फैलियो ।

षस जातका छोरीहरुले आर्य जातका आफ्ना लोग्नेहरुबाट्ट जन्मेका शाखा-सन्तानलाई भासा, लिपि, धर्म र गणितको बिसयमा सिकाए । इन्दु देशका आर्यहरु र हिमालयका षसहरु यौटै भासा बोल्दथे तर आर्यहरुले लेख्न-पढ्न बिर्सेका थिए । त्याँदेखि भासा, लिपि, गणित र धर्मको बिकास भयो । आर्यहरुले षसहरुले जस्तै मेरो अनि ब्रहमा, बिस्नु, शिब, सरस्वती, लक्ष्मी, पार्बती, दुर्गा, काली, बाराय, बाराअ, बराह, बराही, भगबती आदि अनेकौं देबी देउताहरुको पूजा गर्दथे । तीज, दसैं, तिहार, मस्टो पूर्णिमा आदि मान्दथे ।

षसहरु काला भएकाले र षसहरुकी पुर्खाकी आमाको नाम “नी” भएकोले, “नी” का सन्तानहरुले पालिएको, रक्षा गरिएको षस साम्राज्जेलाई इन्दु देसका आर्यहरुले “नीपाला, नीपाल” भन्दथे । “नीपाल” लाई “नीपालसंघ” भनीन्थ्यो । नीपालसंघ “पाँचजात-पाञ्चयात” को संघ थियो । “पाञ्चयात” लोकप्रिय संघ थियो । “पान्चयात” षस नरनारी “नानी” का पाँच भाइ छोराका सन्तानहरुको संघ थियो । षस जातजातीका पुर्खाकी आमाको नाम “नी” भएको हुँदा षसभासा नेपाली भासामा आइमाइको जातजाती, थरथरीको पछाडि सम्मानपूर्बक “नी” जोडने धर्म जस्तो : बाहुनी, छेत्रीनी, कमिनी, दमिनी, सुबेदारनी, मालीक्नी, मगरनी, थपिनी, गोरीनी, चीनानी, साहुनी आदि इत्यादि चल्यो, चलेको छ, चलिरहनेछ र चलिरहनुपर्दछ । “नीपाल” लाई हिजो-आज “नेपाल” भनिन्छ ।

जुम्लाबाट फैलिएका इ षसहरुले हालको काश्मीर, तिब्बत-ल्हासा, नेपाल, भारत, बङ्गलादेश, श्रीलंका आदि भू-भागहरु ढाके । कालान्तरमा षसहरुले पानीजहाजहरु बनाए अनि अफ्रिका, अस्ट्रेलिया, फिजी, हवाइ, न्यूजिल्यान्ड, पापुआ न्यू गिनी, सामोआ आदि देशहरुमा पनि बसाइँ सरे ।

षसहरुले मुस्ताङ्गमा पाइने शालीगराम दर्शन ढुङ्गालाई “बा” मानेर पूजा गर्दथे । ब्रहमपुत्र, कालीगन्डकी, नारायणी बागमती, गङ्गा, सतलज, जमुना, इन्दु-सिन्धु आदि नदीहरुमा न्वाउँदथे । मान-सरोबर, सताल, मुस्ताङ्ग, मुक्तीनाथ, बाराणसी, काशी, गया र कालीगन्डकी ठूला तीर्थस्थल बने । सताललाई कालान्तरमा “कसताल, राकसताल” भनियो । “सताल” बाट बग्ने नदीलाई “सतालय, सतलय, सतलज” भनियो ।

“याकासा” का सन्तानहरु मानसरोबरदेखि ल्हासासम्म फैलिएर बसे । याकासा-यकस-यक्ष भएका इ षसहरुले चौंरी गाईको पशुपालन गर्दथे, चौंरी गाईलाई आमा सरह मानेर पूजा गर्दथे । इनीहरुले चौंरी गाईको पूजा गरेको देखेर चीनका मानिसहरुले चौंरी गाईलाई नै “याक” भन्ने नाम दिए ।

“ल षस” का सन्तानहरु लहासाका मालिक भए । “लहासा” शब्द “लाषासा-लासा-लहासा” भै बनेको हो । इनीहरुका राजा भगबान लक्ष्मण भए । “लक्ष्मण” भन्ने शब्द “लाकासामाना-लकसमन-लक्समन-लक्ष्मण” भै बनेको हो । इनीहरुले चौंरी गाईलाई आमा

सरह "लक्ष्मी" मानेर पूजा गर्दथे, हरेक बर्स गाईयात्रा मनाउँदथे, सँधै लाखे नाच नाचिन्थ्यो। लहासामा सुनको भन्डार थियो। लहासा एकदम शक्तिशाली, धनी राष्ट्र थियो।

सबै षसहरुले बिबाह गर्दा चौंरी गाईको पुच्छर "चमर" दुलहा र दुलहीको ओरिपरी अनिबार्य रुपले डोलाउँदथे र अझै पनि डोलाउँदैछन्। चम्री गाईको पुच्छर भएकोले "चमर" भनिन्छ र "चमर" डोलाउने मानिसलाई "चमार" भनिन्छ। बाराय, बाराअ, बराह देउताको पूजा गर्दथे। षस जातजातीका मानिसहरुले "जाण-रक्सी" खान्थे। इनीहरुले हिउँद जाडो मौसममा "रक्सी" र गर्मी बर्खा मौसममा "जाण" खान्थे। षस मानिसहरुलाई आर्यहरुले "याना-यानी, राकस-राकसी" भन्दथे। "जाण" भन्ने शब्द "याना, यान, याण, जाण" भै बनेको हो र "रक्सी" भन्ने शब्द "राकसी-रकसी-रक्सी" भै बनेको हो।

आर्यहरुले षस जातीबाट भासालाई लिपिमा लेख्न सिकेकाले सो लिपिलाई "नागरी लिपि" भन्ने नाम दिए। सबै षसहरुले "मस्टो पूर्णिमा" - जेठी पूर्णिमा (जेठ शुक्ल पूर्णिमा) को दिनमा धुमधामका साथ मस्टो बाराअ भगबानलाई "बा" मानेर पूजा गर्ने भएकाले आर्यहरुले इनीहरुलाई "बा दल, काला बा दल, बा दर, बा नर, बा कर, बा गण; बा थर, नी दल, बा र थ" आदि भन्दथे। षसहरुले भासालाई "बा कुरा, बाउ कुरा, बा बोली, बाउ बोली, बा भाका, बाउ भाका, बा भासा, बाउ भासा, बाइ बोली, बाइ कुरा, बाइ भासा, पितृभासा" आदि भन्दथे। आफ्नो देशलाई "पितृभूमि, बा थलो, बाउ थलो, बाउ भूमि, बा भूमि" भन्दथे। षसहरुले भासा-साहित्य, ज्ञान-बिज्ञान, गणित, कला, सङ्गीतमा ठूलो उन्नति गरेका थिए। हातहतियार, पानीजहाज बनाएका थिए।

इन्दु देसका आर्यहरुले "मा" को धुमधामका साथ पूजा गर्ने भएकाले षस साम्राज्जेका नागरिकहरुले आर्यहरुलार्य "मा दल, मा दर, मा थर, मा रथ, मा गण, मा नर, कुइरा" आदि भन्दथे। आर्यहरुले भासालाई "मा कुरा, माउ कुरा, मा बोली, माउ बोली, मा भाका, माउ भाका, मा भासा, माउ भासा, माई बोली, माइ कुरा, माइ भासा, मातृ भासा" आदि भन्दथे। आफ्नो देसलाई "मातृभूमि, मा थलो, माउ थलो, माउ भूमि, मा भूमि" भन्दथे। आर्यहरुले भासा-साहित्य, ज्ञान-बिज्ञान, गणित, कला, संगीत आदिमा ठूलो उन्नति गरेका थिए। इनीहरुले हात-हतियार, अस्त्र-शस्त्र, पानी जहाज, बिमान आदिको ठूलो बिकास गरेका थिए। इनीहरु बिमानमा चढेर हाबामा उड्ने भएकाले षसहरुले आर्यहरुलाई "बायुयाना" भन्दथे। "बायुयाना" भनेको हवाईजहाज-बिमानमा चढेर बायु (हाबा) मा उड्ने मानिसहरु "बायुयान, वायुजन" भन्ने बुझिन्छ।

षस साम्राज्यका षसहरुलाई आर्यहरुले "रायाना-रायानी, हिमायाना-हिमायनी, नारायाना-नारायानी, कारायाना-कारायानी, दारायाना-दारायानी, रामायाना-रामायानी, नारानारी, नरनरी, काराकारी, करकरी, दारादारी, दरदरी, गणगणी, कालायाना-कालायानी, षासाषासी, षसषसी" आदि भन्दथे। "याना" भनेको मानिस हो। "याना" शव्दबाट "याना, यन, जन, जनता, जन्ती"

बनेको हो । सबै षसहरुले गाई-भैंसी पालेकाले इनीहरुलाई "गोपाल, महिसपाल" पनि भनिन्थ्यो ।

इन्दु देसका आर्यहरुले धर्मलाई "इन्दु धर्म" भन्दथे। "इन्दु धर्म" बाट "हिन्दु धर्म" भएको हो। नीपालसंघका षसहरुले धर्मलाई "सनातन धर्म" भन्दथे। "सनातन" शब्द "स (राम्रो), ना (षस जातजातीका बाको नाउँ), तन (पूजा गर्ने ठाउँ-चलेको परम्परा)" भन्ने तीन शब्दहरुबाट बनेको हो जसको मतलब "ना" ले थापना गरेको राम्रो धर्म, परम्परा, रीतिरिबाज, चालचलन" अथबा "ना" को पालादेखि चलेको, बिकास हुँदै गएको राम्रो धर्म "सनातन" भन्ने बुझिन्छ। अर्को श्रब्दमा "सनातन" को मतलब "ईश्वरीय (स) "ना" (बा) को शरीर (तन) "सनातन" हो। अत: "सनातन धर्म" भन्नाले आदि र अन्त नभएको, अबिनासी, सृस्टीकाल देखिनै भगबान बाराअ-बराह देउता मस्टोको आज्ञा अनुसार चलेको धर्म र मानबजातीका पुर्खा "ना" को पालादेखि चलेको धर्म भन्ने बुझिन्छ । कालान्तरमा नेपालमा आर्यहरुको प्रबेशपछि षस जातजातीको "सनातन धर्म" र आर्य जातजातीको "हिन्दु धर्म" संयुक्त भै "सनातन हिन्दु धर्म" भनेर प्रसिद्ध भयो र भएको छ। षसहरु र आर्यहरुको धर्ममा नाम मात्रको फरक थियो। इनीहरुका देबीदेउताहरु यौटै थिए। देबीदेउताहरुलाई सम्मानपूर्बक "नाथ-नाथी, थान-थानी, देब-देबी, बा-मा, बाइ-माइ" आदि भनिन्थ्यो। पूजा गर्ने ठाउँलाई "-थान-थानी, कोट-कोटी, मौला-मौलो, मठ-मन्दिर, देबल, नाथ-नाथी" आदि भनिन्थ्यो। इ दुबै जातीका मानिसहरुले म बाराअ-बराह मस्टो, भगबान ब्रहमा, बिस्नु, शिब, राम, कृस्न, सरस्वती, आगो, पानी, लक्ष्मी, पार्बती, काली, दुर्गा, देवी, भगबती, गणेश, शालीगराम, गोरखनाथ, पशुपतिनाथ आदि तेत्तिसकोटी भगबान-भगबतीहरुको पूजा-आराधना गर्दथे। तीज, दसैं, तिहार आदि चाडपर्बहरु मान्दथे।

कालान्तरमा नेपाल उपत्यका काठमान्डौमा षस मानिसहरुले "नरबलि-नरमेध" गरी भगबान-भगबतीको थानमा मानिसको बलि चढाउन थाले । यो देखेर मलाई सारै दु:ख लाग्यो । सो "नरवलि-नरमेध" रोक्नको लागि मैले मेरा अंश भगबान बिस्नुलाई लुम्बीनीमा राजकुमार सिद्धार्थ गौतम बुद्धको रुपमा औतार लिन लगाएं । भगबान बिस्नुले भगबान बुद्धको रुपमा नऔं औतार लिईवक्स्यो र काठमाण्डौमा आई "हिम्सा" को नाममा गरिएको "नर वलि-नरमेध" को बिरुद्ध "अहिम्सा परमो धर्म" भनेर धर्म-उपदेश दिइबक्स्यो र काठमान्डौमा "नरवलि-नरमेध" गर्न छोडियो । मानिस मरेपछि नदीका घाट किनारामा लगी पोलेर खरानी पार्ने र सो खरानी पानीमा वगाउने धर्म नेपाल उपत्तेका काठमान्डौमा पनि सवैलाई अनिवार्य भयो । एसरी भगबान वुद्धबाट धर्मको स्थापना भयो । भगबान बुद्धवाट भाग्तमा धेरै धर्म-उपदेशहरु दिइबक्स्यो । भगबान बुद्धवाट "वुद्ध धर्म" को स्थापना गरीवक्स्यो, भगवान बुद्धका उपदेशहरु "पाली भासा-लिपि" को "त्रिपिनाक" धर्मग्रन्थमा लिखिन छन् । एसरी भगबान बुद्धवाट "बुद्ध धर्म" को स्थापना गरीवक्स्यो । "बुद्ध धर्म" त्याँबाट सन्सारभरि फैलियो । "बुद्ध, धर्म, संघ, पाली र त्रिपिताक" पिर्थिबीभरि लोकप्रिय भए, भएका छन्,

भैरहनेछन् र भैरहनुपर्छ। "बुद्ध पूर्णिमा" बैशाख शुक्ल पूर्णिमाको दिनमा पर्दछ भन्नाले जेठ शुक्ल पूर्णिमामा पर्ने "मस्टो पूर्णिमा" भन्दा ठीक एक महिना अगाडि पर्दछ ॐ मणि पदमे हुम् ।

एसरी मानिस जातीमा तेश्रो सृस्टीका नरनारी "नानी" बाट जन्मेका षसहरुबाट यो पिर्थिबीमा मैले चाहे अनुसारको र सिकाए अनुसारको धर्मको थापना, ज्ञानबिज्ञान, भासा-लिपि, साहित्ते, गणित, कला, संगीत आदिको बिकास र प्रचार-प्रसार भएकाले मेरा तेश्रा सृस्टीका "षस" मानिसहरु मेरा लागि प्यारा छन्। मेरा तेश्रा सृस्टी "नानी" प्यारा छन्। "नानी" सत हुन्, आँखा हुन्, सनातन-सनातनी, मस्ट-मस्टी हुन्।

अब ध्यान दिएर सुन बहादुर योगी ! सृस्टीकममा यो पिर्थिबीको लागि मेरा सबैभन्दा प्यारा सृस्टी "मानिस जाती" हुन्। मानिस जाति यो पिर्थिबीका लागि अरु प्राणीभन्दा सर्बोच्च भएकाले मैले "म सत हुम्, मस्ट हुम्, मस्टो हुम्" भन्दछु र मेरा दिब्य शक्ती प्राप्त गरेका तथा मेरा आत्माले बास गरेका सर्बश्रेष्ठ भक्तहरु मस्ट डाङ्रेले पनि "मस्ट हुम्" भन्ने दिब्य-बाणीको घोसणा गर्दछन्, आफ्नो शिर-शरीरमा यल-जल-पानी खन्याउँछन्, "हेर् हेर् बा हुम्, बाबा हुम्, बाराअ हुम्, बाराय हुम्, बराह हुम्, बाबै हुम्, कुल हुम्, यल ले, जल ले, पानी ले हए" भन्दछन्। अनि यो पिर्थिबीका मानिसहरु मेरा नाममा धूप-बत्ती बाली भेडा-बाखा-च्याङ्राका बोका-पाठा-साँण्को बलि चढाउँछन् र मस्ट डाङ्रेले मस्टो पूर्णिमा-जेठी पूर्णिमाको दिनमा मेरा नाममा भोग खान्छन्, त्यो भोग बास्तबमा मैले खाएको हो। "मस्ट" हुम् भन्नुको मतलब "म सत हुँ, सत्य जुगदेखि चलेको सत हुम्, स हुम्" भन्नु हो, बुझ्यौ, बहादुर योगी। "मस्ट" को इतिहास, अर्थ, परम्परा र महिमाको इतिहास र कथा छोटकरीमा एत्ती नै हो, हेर योगी !"

तेसपछि महायोगी बहादुर बाबाले परमात्मा भगबान बाराअ मस्टोमा बिन्ती चढाउनुं भयो : हजुर प्रभु ! बराह ! बराय ! बाराअ ! परमेश्वर ! मस्टको विसयमा सबै कुरा छर्लङ्ग बुझें। अब म हजुरमा भासा-लिपिका अक्षर-बर्णहरु र गणितका अङ्कहरुको इतिहास बारे बताइंबक्सनुहुन हार्दिक अनुरोध गर्दछु हे भगबान ! सत ! बाराय ! बाराअ ! नाथ ! मस्टो बराह !

भगबान बराअ मस्टोले भनीबक्स्यो : ल त योगी ! तिम्रो यो प्रश्न अमृतमय छ, ल सुन ! यो पिर्थिबी ज्यादै ठूलो भएकोले बारायलोकमा तीन थरिका मानिसहरुको रचना गरी समय-समयमा एस पिर्थिबीमा ल्याएको इतिहास त तिमीलाई भर्खरै बताएँ। बाराअलोक, ब्रह्मलोक, बिस्नुलोक, शिबलोक, बैकुन्ठलोक, कैलासलोक, देबलोक, देबीलोक, धर्मलोक, पापलोक, स्वर्गलोक, न्वर्गलोक, यमलोक आदि सबै लोकहरुमा भासा-लिपि गणितको चलन छ। मैले सबै मानिसहरुका पुर्खा बा-आमाहरु (ययी-अइ, नानी, सासी) लाई बाराअलोकमै भासा-लिपि र गणित सिकाएर यो पिर्थिबीमा ल्याएको थिएँ। तर षस नरनारी बाहेक अरु मानिसहरुका सन्तानले भासा बोले पनि लिपि र गणितको लेखाई-पढाईमा अलि मन

लगाएनन् । बिर्से पनि । षस नरनारी "नानी" ले आफ्ना पाँच भाइ छोराहरु र पाँच बैनी छोरीहरुलाई धर्म, भासा, लिपि, गण्ति सिकाए । त्याँबाट फेरि यो पिर्थिबीमा भासा, लिपि, गणितको प्रचार-प्रसार, बिकास र रक्षा भयो। सबैभन्दा पैला शुरुमा मैले भासा-लिपिका अक्षर हरु चौरासी (८४) ओटा सिकाएको थिएँ। इ ८४ (चौरासी) ओटा अच्छेरहरु "चौरासी ब्यन्जन" भनी पिर्थिबीमा प्रसिद्ध भए । चौरासी ब्यन्जनहरुलाई "चौरासी नानी" पनि भनिन्थ्यो । "ब्यञ्जन" भन्ने शब्द "व+याना+याना" बाट "व्यन यन, व्यन्यन, व्यन्जन, व्यञ्जन" भै बनेको हो। एसरी चौरासी ब्यन्जनहरुलाई "चौरासी याना, नानी, योनी" पनि भनिन्थ्यो। ती चौरासी (८४) बेन्जनहरु एस प्रकार छन्:-

य या यी यु ये यो, व वा वी वु वे वो, क का की कु के को
ग गा गी गु गे गो, च चा ची चु चे चो, त ता ती तु ते तो
द दा दी दु दे दो, न ना नी नु ने नो, प पा पी पु पे पो
ब बा बी बु बे बो, म मा मी मु मे मो, स सा सीं सु से सो
र रा री रु रे रो, ल ला ली लु ले लो !!!

सुन बहादुर योगी ! गणितका अंकहरु एसप्रकार छन्, लौ हेर:-

० (सुन्ना), १ (एक), २ (दुई), ३ (तीन), ४ (चार), ५ (पाँच), ५ (छ), ७ (सात), ८ (आठ), ९ (नौ), १० (दस), ११ (एघार) आदि ।

अब सुन, बहादुर योगी ! षस जातका छोरहिरको बिबाह इन्दु देसका आर्य जातका मानिसहरुसँग भएपछि, इ षस नारहिरुले आफ्ना आर्य सन्तानहरुलाई भासा-लिपि र गणित सिकाए । अनि भासाको लेखाइ-पढाइमा बिकास भयो । एसरी षस (कस) र यर (अर) दुबै जातीका मानिसहरुको साजा भासा र लिपि भएकाले भासा-लिपिका चिन्हहरुलाई "षसयर, कसअर, कसयर, षसअर, कसार, कसरे" आदि भनी भन्न थालियो। षस जात र आर्य जातका मानिसहरुको बिबाह सम्बन्धबाट षस र आर्य मानिसहरु छिटो बोल्न थाले र उच्चारणमा पनि परिबर्तन आयो, भासा-लिपिको बिकास भयो। फलस्वरुप "नागरी लिपिँमा नयाँ १०८ (एकसय आठ) बर्णहरु थपिए। "य" बर्णबाट "अ,ह,ज,झ,ञ" बर्णहरु बने। "य" बाट "ञ" बन्यो। "य" बाट "अ" बन्यो। "अ" बाट "ह" बन्यो। "य" बाट "ज" बन्यो। "ज" बाट "झ" बन्यो। "य" पिता भए। "य" लाई "बुडो जे" मानियो। किनभने "य" बाट "अ,ह,ज,झ,ञ" ध्वनि बर्णहरुको सृस्टी भयो। "य" हुम्। "अ" ध्वनीका "अु, ओ" बर्णहरु, "वु, वो" बाट बनेका हुन्। "क" बाट "ष", "ग" बाट "घ", "च", "छ", "म" बाट "ङ" बर्णहरु बिकसित भए। इ १०८ (एक सय आठ) बर्णहरु एसप्रकार छन्:-

अ आ अी अु अे ओ, ह हा ही हु हे हो, ज जा जी जु जे जो,
झ झा झी झु झे झो, ञ ञा ञी ञु ञे ओ, ष षा षी षु षे षो,
घ घा घी घु घे भो, छ छा छी छु छे छो, थ था थी थु थे थो,

ट टा टी टु टे टो, ठ ठा ठी ठु ठे ठो, ड डा डी डु डे डो,

ढ ढा ढी ढु ढे ढो, ध धा धी धु धे धो, ण णा णी णु णे णो,

भ भा भी भु भे भो, ङ, ङा ङी ङु ङे ङो, फ फा फी फु फे फो !!!

एसरी हेर, बहादुर योगी ! षस र आर्यहरुको साजा नागरी लिपिमा एसप्रकार जम्माजम्मी १९२ (एकसय बयानब्बे) अक्षरहरु भए । "अ" बर्णको अबिस्कार भै नागरी लिपिमा मूल बर्ण "अ" भएकाले "षसयर" को अगाडि "अ" जोडियो र "अकसयर" भयो । "अकसयर" बाट "अक्स्यर, अक्षर" भै "अक्षर" भन्न थालियो किनभने कलान्तरमा "क+स" मिलेर नयाँ बर्ण "क्ष" बनेको हो ! आजभोलि "अक्षर" लाई "अच्छेर" पनि भनिन्छ। त्याँदेखि "यउम" नभनीकन "अउम (ॐ)" भनी दुबै जातीले जपध्यान गर्न थाले । "अउम" मूलमन्त्र भयो । "अउम" कालान्तरमा ॐ बन्यो ।

षस जाती र आर्य जातीको साजा लिपि "नागरी लिपि" का अक्षरमालाका सम्पूर्ण अक्षर हरु (बर्ण-व्यन्जन) १९२ ओटा (एकसय बयानब्बे) एसप्रकार छन्:-

अ आ अी अु अे ओ, क का की कु के को, ष षा षी षु षे षो

ग गा गी गु गे गो, घ घा घी घु घे घो, ङ ङा ङी ङु ङे ङो

च चा ची चु चे चो, छ छा छी छु छे छो, ज जा जी जु जे जो

झ झा झी झु झे झो, ञ ञा ञी ञु ञे ञो, ट टा टी टु टे टो

ठ ठा ठी ठु ठे ठो, ड डा डी डु डे डो, ढ ढा ढी ढु ढे ढो

ण णा णी णु णे णो, त ता ती तु ते तो, थ था थी थु थे थो

द दा दी दु दे दो, ध धा धी धु धे धो, न ना नी नु ने नो,

प पा पी पु पे पो, फा फा फी फु फे फो, ब बा बी बु बे बो,

भ भा भी भु भे भो, म मा मी मु मे मो, य या यी यु ये यो

र रा री रु रे रो, ल ला ली लु ले लो, व वा वी वु वे वो

स सा सी सु से सो, ह हा ही हु हे हो !!!

समयको गतिसँगै षस जातीका मानिसहरुले ज्ञानबिज्ञान, भासा, साहित्ते, संगीत, कला, खेतीपाती, उद्योगधन्दा आदिको बिकास गर्दै गए र अफ्रीका-अस्ट्रेलियातर्फ बसाइँ सरे । आर्यहरुले पनि ज्ञान-बिज्ञान, संगीत, कला, भासा-साहित्ते, उद्योगधन्दा, खेतीपाती आदिको झन् ठूलो बिकास गर्दै गए । जनसंख्या बढ्यो । षसहरु र आर्यहरुको वीचमा पिर्थिवीको शासन-बेबस्था र भू-भागको लागि लडाइँ, झगडा, प्रतिस्पर्धा हुन थाल्यो । आर्य मानिसहरुले षसहरुलाई दुश्मन सम्झन थाले । षसहरुले नबुझुन् भनी "नागरी लिपि" का अच्छेरहरुलाई शब्द बनाउँदा भिन्दै तरिकाले लेख्न थाले । इनीहरुले "अी अु अे ओ" को ठाउँमा क्रमश: "इ उ ए ० " को रचना गरे । आर्यहरुले एसरी नागरी लिपिका "छत्तीस वर्ण" (अक्षेर-अच्छेर) हरुवाट मात्र भासा-लिपिको लेखापढी गर्न थाले । ती छत्तीस बर्णहरु एसप्रकार छन्:-

अ इ उ ए ० क ष ग घ ङ च छ ज झ ञ ट ठ ड ढ ण त थ द ध न
प फ ब भ म य र ल व स ह !!!

उदाहरणको लागि, लौ हेर, योगी ! "छत्तीस वर्ण (आर्य लिपि)" का इ ३६ (छत्तीस) अच्छेरहरुबाट "नेपाल" लेख्दा "नएपअअलअ", "श्रीकृस्न" लेख्दा "सरइकरइसनअ" र "हिमालय" लेख्दा "हइमअअलअयअ" आदि तरिकाले लेखिन्थ्यो । आर्य लिपिमा भासा लेख्न-पढ्नमा अप्ठ्यारो थियो । षसहरुले आर्य लिपि बुझ्न सक्दैनथे, नागरी लिपि सजिलो थियो । आर्यहरुले छत्तीस अक्षेरहरुलाई "छत्तीस बर्ण" भन्दथे । एसरी आर्यहरुले नयाँ तरिकाले लेखापढी गर्न थाले । षसभासा र आर्यभासा यौटै थियो तर लिपिको कारणले गर्दा बिस्तारै फरक हुँदै गयो । तेस पछि आर्यहरुले ठूलो बैज्ञानिक उन्नति गरे । बिजुली बत्ती, पानीजहाज, हवाइजहाज-बिमानहरुको अबिस्कार गरे । इन्दु देसका आर्यहरुबाट पृथ्वीका सारा मानिसहरुलाई छालाको रङ तथा बर्णको आधारमा "चार बर्ण-सेता, पहेँला, स्याम र काला बर्णा" मा बिभाजन गरी आफुलाई सबैभन्दा माथि र षसहरुलाई सबैभन्दा तललो चौथो बर्णमा राखियो र हेलाँ गर्न थालियो ।

सेता बर्णका मानिसहरुलाई "अमन" भनीन्थ्यो, इनहिरु भगबान बिस्नुका भक्त थिए । "रामन" हरु ब्रहमपुत्र नदी र सतलज नदीको बीचको भू-भाग नेपाल, तिव्वत र भारतमा बस्दथे । इ तीन बर्ण "सेता पहेँला, काला" जातजातीका मानिसहरुको पारस्परिक बिवाहबाट जन्मेका र "ब्रहमा, बिस्नु, शिब" तीनोटै भगबानहरुका भक्त "स्याम" (सेता-काला) बर्णका मानिसहरुलाई "बाराअमन" भनिन्थ्यो । "बाराअमन" हरु भारतमा बस्दथे । एसरी आर्यहरुले "चार बर्ण" को सिद्धान्त प्रतिपादन गरेका थिए र पृथ्वीमा लागु गरेका थिए । यो "चार बर्ण" बेवस्था हजारौं बर्ससम्म चल्यो । "बामन" हरुले थल प्राणीहरुको हत्या गर्दैन्थे र मासु खदैन्थे । ""रामन हरुले आकासमा उड्ने प्राणी (चराचुरुङगी) हरुको हत्या गर्दैन्थे र मासु खदैन्थे । "अमनहरुले जलप्राणीहरुको हत्या गर्दैन्थे र मासु खदैन्थे । "वाराअमन" हरुले "ब्रहमा, विस्नु, शिव" तीनै देउताको वरावर सम्मानका साथ पूजा गर्दथे । "वाराअमन" शव्दवाट "वराहमन, व्राहमन, व्राहमण" भएको हो ।

"इन्दु" देसका आर्यहरुले ठूलो उन्नति गरेपछि आफूलाई "स वर्ग" घोसित गरे । "स वर्ग"का आर्यहरुलाई "देवगण, सुरगण" भनिन्थ्यो । आर्यहरुले "हरप्पा-मोहनजोदारो" जस्ता विश्वविख्यात "सगर-सहर"हरुको विकास "इन्दु घाटी" मा गरे । "इन्दु" देसलाई कालान्तरमा "इन्डीया" भनिएको हो । इन्दु देसका राजालाई देवगण-सुरगण आर्यहरुले "इन्द्र" भन्दथे । "इन्द्र" शव्दको व्युत्पत्ति "इ+नद+र" हो जस्को अर्थ "इ (नामक) नद (नदी) र (राजा)" हो । "राजा" शव्दको व्युत्पत्ति "राया" हो र प्राचीनकालमा राजालाई "र, रा" मात्र भनिन्थ्यो । "रा" मा "या" जोडिएर "राया" भै "राजा" शव्द बनेको हो । "इन्दु देस" लाई "इन्द्रलोक, स्वर्गलोक" भनिन्थ्यो । "स्वर्ग" शव्दको व्युत्पत्ति "स+वर्ग" हो । "स वर्ग" बाट "सवर्ग, स्वर्ग" शव्द बनेको

हो ।

आर्यहरुले षस साम्राज्यका षसहरुलाई "न वर्ग" भन्दथे । "ना" षस जात-जातीका पुर्खा बाको नाम भएकोले "ना" का सन्तान भएकाले षसहरुलाई "ना वर्ग" भनिन्थ्यो । "ना वर्ग" बाट "न वर्ग" शब्द बनेको हो । "न वर्ग" बस्ने देसलाई "नरलोक, नरकलोक, नर्कलोक" पनि भनिन्थ्यो । तेसबेला "नरकलोक" लाई "न्वर्ग" भनिन्थ्यो । "न्वर्ग" शब्दको व्युत्पत्ति "न+वर्ग" हो । "न वर्ग" बाट "नवर्ग, न्वर्ग, न्वोर्गे, नरक, नर्क" शब्दहरु बनेका हुन् । "न्वर्ग" शब्द अपभ्रंस भै "नरक-नर्क" बनेको हो । "न्वर्गलोक" लाई "यमलोक" पनि भनिन्थ्यो । "यम" शब्दबाटै "हिम" शब्द बनेको हो । "न्वर्गलोक" लाई "यमलोक" पनि भनिन्थ्यो । "यम" शब्दबाटै "हिम" शब्द बनेको हो । "नेपाल" लाई तेसबेला "यमलोक, हिमलोक, हिमाललोक, हिमालय" भनिन्थ्यो र नेपालका आदिवासी भूमिपुत्र भूमिपति षस जातजातीलाई "याता-याँती" भनिन्थ्यो । "याता-याती" भनेको "हिममानब" हुन् । "जात-जाती" शब्द "याता-याती" बाट बनेको हो र "यती" शब्द "यती" कै अपभ्रंस हो । "यती" भनेका खस जातजाती हुन् जस्लाई परापूर्वकालदेखि "हिममानब" भनेर भनिन्छ । "याता" भनेको "जात" हो जस्को अर्थ हुन्छ - खस पुरुष र "यती" भनेको "जती" हो जस्को अर्थ हुन्छ - खस नारी "यती" । "स्वयम्भू" लाई तेस्बेला "यमभू" मात्र भनिन्थ्यो जस्को अर्थ "यमभूमि, यमलोक, यमथान" हो । काठमाण्डौमा आर्यहरुको प्रवेशपछि "यम भू" शब्दको अगाडि "स्व" शब्द जोडी "स्वयम्भू" नामाकरण गरिएको हो । प्राचीनकालको नेपालमा "घोडा-गधा" नभएकाले हिमालय कैलाशपति भगवान शिव "साँढे (गोरु)" र भगवान यमराज "महिष (राँगो)" मा चढ्दथे । नेपालमा "गोपाल वंश" का कूलदेउता भगवान शिव थिए । गोपाल वंशी षसहरु पछि "महिष पाल" षस जातजातीको शासन नेपालमा चल्यो । नेपालमा "महिष पाल" वंशका कूलदेउता भगवान यमराज थिए । "महिष पाल" वंशका सबैभन्दा ठूला, प्रतापी, वीर र अन्तिम सम्राट "महिषासुर" थिए । "गोपाल-महिषपाल" दुबै षस जातजातीले आफ्ना पूर्खा असुर खस जातजाती झैं "गाई-भैंसी" को पालन र रक्षा गर्दथे । त्यै कारणले ""गाई, गोरु, बर, बाच्छा, बाच्छी, भैंसी, राँगा, पाडा, पाडी" लाई नेपालमा परापूर्वकालदेखि "यमराजका साणी, जीमराजका साणी, जेमराजका साणे, जीमराजका नामा" आदि भनेर भनिन्थ्यो र गाली गर्दा अझै पनि भनिन्छ । "गोपाल - महिषपाल" दुवै थरी खस जातजातीका कूलदेउता "पशुपतिनाथ" थिए ।

नरलोकमा "नगर-नहर" हरुको बिकास भयो । "न बर्ग" का मानिसहरुलाई "दानब, दैत्य, असुर, राक्षस, यक्ष" आदि भनिन्थ्यो । नरलोक अन्तर्गत हालको नेपाल, तिब्बत, भारत, लंका, कास्मीर, राकसताल-मानसरोबर, भूथान (भुटान), सिक्किम आदि पर्दथे । नेपाललाई हिमलोक, हिमाललोक, हिमालय, यमभू पनि भनिन्थ्यो । इन्दु देस इन्डीयाका आर्यहरुको "चार बर्ण" बेबस्थाको नराम्रो असर नरलोकका षस जात-जातीमाथि पर्‍यो । नरलोकमा आर्यहरुबाट राजनैतिक, आर्थिक, धार्मिक र सामाजिक नियन्त्रण गर्ने उद्देस्सेले बारम्बार हमला, कुटपीट,

काटमार भयो । चीनका बामनहरु र नेपालका रामनहरुमा भन्दा भारतका रामन र बराहमन (बाराअमन) हरुमा ठूलो मर्का र अन्याय भयो । अतः भारतका सम्पूर्ण "बाराअमन (बराहमन)" हिमालय कैलाशमा आई हिमालय कैलाशपति भगवान शिबको पूजा, प्रार्थना र स्तुति गरे । भगबान शिबसँग मानब समाजको "चार बर्ण" ब्रेबस्था हटाइदिन बिन्ती चढाए । भगवान शिबले सो कुरा जायज ठहऱ्याई भगबान ब्रह्मा र भगबान बिस्नुका सल्लाह र आज्ञा अनुसार चीनका बामनहरुबाट एक लाख सेना गण, नेपालका रामनहरुबाट दुई लाख सेना गण र भार तका रामनहरुबाट तीन लाख सेना गण गरी जम्मा ६ लाख सेनाको फौज लिएर आर्यहरुको देस इन्डीयाको राजधानी "हरप्पा-मोहनजोदारो" मा हमला गरिबक्स्यो । भगबान शिबको नेतृत्वमा षस (रामन) हरुको बिजय भयो । "बर्णसम्कर" - को सिद्धान्त मन नपराउने कट्टर आर्य नर नारीहरु इन्दु (इन्डीया) छोडेर युरोपतर्फ बसाइँ सरे । बाँकी सबै आर्य नरनारहिरु भगबान शिबको शरणमा परे ।

भगबान शिबको नेतृत्वमा षस जात-जातीले बिजय गरेको दिन फाउ (फागु) पूर्णिमाको दिन थियो । सबै षस सेनागणले अबीरजात्रा, सिंदुरजात्रा गरी फाउ खेली बिजय उत्सब मनाए । त्यँदिखि फाउ खेल्नी परम्पराको शुरुआत भएको हो । "फाउ पूर्णिमा" लाई "फागु पूर्णिमा - होली पूर्णिमा" को रुपमा फागु पूर्णिमालाई मनाइन्छ । "होली पूर्णिमा" फागुन महिनाको फागुन शुक्ल पूर्णिमाका दिनमा पर्दछ । "होली" महान् ऐतिहासिक, राजनैतिक, सामाजिक, धार्मिक दिबस हो । यो पिर्थिबीका सबै मानिसहरुले "होली-पूर्णिमा" मान्नु-मनाउनु पर्दछ । "होली पूर्णिमा" काला खस जात-जातीको सेता आर्य जात-जातीको बर्णबादी (रंगभेद) सिद्धान्तमाथिको दिग्बिजय हो । काली होली लाली भइन् । एसरी "काला-काली" षस मानिसहरुको "सेता-सेती" आर्य मानिसहरुमाथिको सर्बोच्च महान् बिजय भएको सबैभन्दा ठूलो "होली फाउ पूर्णिमा" को दिनलाई यो सन्सारका सबै मानिसहरुले "काला युग-काली युग, कली युग, कलीजुग" को शुरुआतको रुपमा हर्सोल्लासको रुपमा "लालरङ्ग (रातो रङ्)" दलेर मनाए । "बर्णसम्कर (वर्णसंकर)" बेबस्थाको उदय भयो ।

भगबान शिबबाट सबै आर्य नरनारीहरुलाई माफी दिई अभयदान दिईबक्स्यो अनि सबै षस सेनागण र आर्य नरनारीलाई एक ठाउँमा जम्मा गरेर भगबान शिबबाट हुकुम भयो :- "लौ सुन ! आजदेखि "चार बर्ण" सामाजिक - राजनैतिक - धार्मिक बर्ण-बेबस्था सदाको लागि यो पिर्थिबीको मानब समाजबाट हट्यो । यो पिर्थिबीका सबै बर्णका मानिसहरु भन्नाले "बामन, र ामन, अमन, बाराअमन (बराहमन)" हरु अब उप्रान्त बराबर छन् । एक-आपसमा साना ठूला छैनन् । अब "वर्णसम्कर" भयो । आजदेखि तिमी सेता अमन आर्यहरु र इ काला रामन षसहरु सदाको लागि एक-आपसमा बराबर भयौ । तिमी काला रामन षसहरुले इ गोरा अमन आर्यहरुका छोरहिरु र दिदीबैनीहरुसँग बिबाह गर अनि सम्धेलो (सन्धि-सम्धी) गर्दा सेता आर्यहरुलाई तिमी काला षस-बर्णको प्रतिनिधित्व गर्ने "कालो रङ्" दुबै गालामा दलिदेउ । अनि

तिमी आर्यहरुले तिम्रा काला षस सम्धीहरुलाई उनीहरुको दुबै गालामा तिमी सेता अमन आर्य-बर्णको प्रतिनिधित्व गर्ने "सेतो रङ्" दलिदेउ। एसरी सेता आर्यहरुले षस-रङ्ग "कालो-रङ" आफ्नो गालामा पोतेपछि र काला षसहरुले आर्य-रङ्ग "सेतो रङ्" आफ्ना गालामा पोतेपछि बल्ल काला षस र सेता आर्यहरुको बीचमा रहेको छालाको रङ्गको सेता-कालाको भेदभाब हटेर "बर्णभेद-रङ्गभेद" हटी बर्ण-रङ्गको समानता हुनेछ। एसरी तिमीहरुको बीचमा सन्धी-संझौता-सम्धी-सम्धेलो हुन्छ र पृथ्बीमा शान्ती कायम हुनेछ। सम्पूर्ण मानब जातीको रक्षा र धर्मको थापना गर्न भगबान मस्टो बराहबाट भगबान ब्रह्मा र भगबान बिस्नुका सल्लाहले मलाई शिबलोकबाट हिमालय कैलाशपतिको रुपमा हिमालय कैलाशमा पठाइबक्सेको हो। इ काला षसहरुले तिमी आर्यहरुले जस्तै भगबान मस्टो बाराअ-बराह, भगबान ब्रहमा, भगबान बिस्नु, म भगबान शिब-शंकर, सरस्वती, लक्ष्मी, पार्बती, गणेश आदि हजारौं देबी-देउताहरुको पूजा गर्दछन्। तिमीहरुले जस्तै तीज, दसैं, तिहार मान्दछन्। दसैंमा दसैं कोट मौलामा साण, बोका, पाठा आदिको बलि चढाई भगबती काली दुर्गाको पूजा गर्दछन् ठूलो दसैं (बडा दसैं) र चैते दसैंमा। इ षसहरु मेरा र भगबान ब्रह्मा अनि भगबान बिस्नुका प्यारा भक्त हुन्। इ षस जात-जाती सृस्टीकर्ता, पालनकर्ता, संहारकर्ता भगबान मस्ट (मस्टो) बाराय-बाराअ, बराये, बराहका भक्त हुन्। हरेक बर्स मस्टो पूर्णिमा (जेठ शुक्ल पूर्णिमा) को दिनमा भगबान मस्ट बराहको पूजा गर्दछन्। भगबान मस्टो "धामीझाँक्री-डाङ्रे (मस्ट)-बाइ" को रुपमा प्रकट हुने सनातन देउता र यो सारा ब्रह्मान्डका सृस्टीकर्ता, पालनकर्ता र संहारकर्ता हुन्। मस्टो परम्परा सम्पूर्ण खस जात-जातीको सृस्टीकालदेखि अबलम्बन गरिएको सनातन धर्म परम्परा हो। मस्टो पूर्णिमा सबैभन्दा जेठो पूर्णिमा हो, यो जेठ महिनाको जेठ शुक्ल पूरुर्णिमामा पर्दछ, कैलेकाइँ जेठ शुक्ल पूर्णिमा असार महिनामा पनि पर्दछ। जेठ-असार महिनाको जेठ शुक्ल पूर्णिमाको दिनमा पर्ने भएकोले "मस्टो पूर्णिमा" लाई "जेठी पूर्णिमा - जेस्टी पूर्णिमा" पनि भनिन्छ। "जेठा-जेठी" शब्दहरुको ब्युत्पत्ति "याता-याती" हो। "याता-याती" बाट "येता-येती,, जेता-जेती, जेठा-जेठी" भएको हो। अत: "जेठी पूर्णिमा" भन्नाले "येती" का सन्तान हिमालयका आदिबासी भूमिपुत्र भूमिपति खस जात-जातीले जेठ शुक्ल पूर्णिमाको दिन हिमालय भूमि नेपालमा सृस्टी काल-सत्य जुगदेखि कूलदेउता मस्ट बराह भगबानको पूजा-बलि गरिने महान् "मस्टो पूर्णिमा" हो। तेसैले षस-षसिनीहरु बराह मस्टो भगबानका सबैभन्दा प्यारा "बाराअमन-बराहमन" हुन्। तर तिमी आर्यहरुले एस्ता मेरा प्यारा भक्तहरुलाई नीच संझ्यौ, मानिसमा नै गनेनौ। तेसैकारणले आज तिमीहरु लडाइँमा हार्‍यौ। तिमीहरुको प्राण इ षस जात-जातीको हातमा छ तर इ षसहरु असल-राम्रा मानिसहरु भएकाले मेरा आज्ञा अनुसार तिमी आर्य-अमनहरुलाई माफी दिई आफू सरह बराबरीको स्थान यो षसलोकमा दिन चाहन्छन्। तिमी आर्यहरु पनि आजदेखि इ षसहरु जस्तै मेरा प्यारा भक्त भयौ, तिमीहरुको देश इन्डीया अबदेखि भारत भयो। तिमीहरु भारत बाहेक खसभूमि-खसलोक नेपाल र बामनलोक,

किरातभूमि, मंगोल क्षेत्र चीनसम्म खुला आवतजावत, बसोबास, ध्यान-तपस्या, पूजा-पाठ, धर्मकर्म गर्न सक्दछौ । तिमी आर्यहरुले नेपाल-भारतका षस जात-जातीका छोरहिरु र दिदीबैनीहरुसँग रोजेर बिबाह गरी घरजम गर्न सक्छौ र गर्नुपर्दछ। बर्णसम्कर भनेको यै हो। तिमी आर्यहरु इ षसहरु जस्तै हिमालयका नागरिक भयौ । मेरो तर्फबाट षस जात-जाती र आर्य जात-जातीमा केही भेदभाब छैन, समानता छ किनभने तिमीहरु पनि षस जात-जाती जस्तै "बाराअमन-बराहमन-ब्राह्मण" हौ । अब देखि तिमी "अमन"हरु, इ "रामन"हरु र "बामन" हरु सबै "बाराअमन (बराहमन)" भयौ । अबदेखि कसैले पनि आफूलाई "बामन, रामन, अमन"भन्न पाउँदैन । सबैले आफूलाई "बाराअमन (बराहमन)" भन्नुपर्दछ । अब बर्णसंकर जुग शुरु भयो । अब "बाराअमन (ब्राहमन)" जुग शुरु भयो । अबदेखि तिमीहरुको भासा "संस्कृत" र लिपि "देबनागरी" भयो । संस्कृत भासालाई षस जात-जातीले जस्तै "नागरी" लिपि अनुसार लेखापढी गर्नु, तिमीहरुको "छत्तीस बर्णे" लिपि नचलाउनु । अबदेखि सबैं मानिसहरु "बराहमन", सबैको भासा "संस्कृत" सबैको लिपि "देबनागरी" सबैको धर्म "सनातन हिन्दु" भयो। म "बराह, बाराय, बराये, बाराअ" को तेश्रो शक्ती संहारकर्ता महादेब शिब हुम्, अ हुम् । अतः अबदेखि सबैले "अउम (ॐ)" भनेर जप्नु । अबदेखि "बराहमन" सर्बोच्च-सर्बमान्य बर्णसंकर-जातसंकर शक्ती भयो । "ब्राह्मण" शव्दको व्युत्पत्ति "बाराअमन" बाट "बराअमन, बराहमन, ब्राहमन, ब्राहमण" भै बनेको हो। म सदा "बराहमन" जात-जाती, "संस्कृत" भासा, "देबनागरी" लिपि, "सनातन हिन्दु" धर्म र मस्टोभूमि "हिमालय"को रक्षा गर्दछु।"

एती भनी भगबान शिबले आर्यहरुलार्य नागरी लिपिका अक्षरहरु फेरि सिकाईबक्स्यो अनि भारतका षस राजाहरुबाट एउटा बढाराजा चुनी भारत (इन्ढीया) रास्टको "महाराजा" घोसित गरिबक्स्यो । काला षसहरु र सेता आर्यहरुको बीचमा बिबाह गराई सन्धी-सम्झौता-सम्धेलो गराईबक्स्यो, कालो रङ र सेतो रङ दलादल गरियो । अनि भगबान शिव नेपालको हिमालय कैलाशमा फर्किबक्स्यो ।

त्यो ऐतिहासिक फाउ पूर्णिमाको दिनदेखि आर्यहरुको देस "इन्दु (इन्ढीया)" भारतको अग भयो । भारतबाट षसहरु त्याँ बसाईं सरे । आर्यहरु भारतमा बसाईं सरे । "इन्दु-भारत" भन्दा भन्दै "हिन्दु-भारत" भनी प्रसिद्ध भयो । भारतबाट आर्यहरु हजारौं-हजारौंको सङ्ख्यामा भगबान शिबको तपस्या गर्न, बरदान प्राप्त गर्न नेपालमा आए । रीसी-मुनि, योगी-सन्न्यासी भएर बसे । धेरैजसोले नेपालका आदिबासी भूमिपुत्री षसिनी (काली) आइमाइहरुसँग बिबाह गरेर घरजम गरी बसे । अनि थर-गोत्रको ठूलो बिकास भयो । जातजाती सङ्ख्या फैलियो ।

सबै षसहरु आर्यहरुसरह भए, सबै आर्यहरु षसहरुसरह भए । देब भनिने आर्यहरु पनि मानव भए, दानब भनिने षसहरु पनि मानब भए । देब र दानबको लढाइ सदाको लागि सकियो । दानबगण, असुरगण षसहरु पनि मानब भए । देब र दानबको लढाई सदाकोलागि

सकियो। दानबगण, असुरगण षसहरु र देबगण, सुरगण आर्यहरु बराबर भए। सबै बर्णसम्कर षस-आर्य, आर्य-षस भए।

अब सुन योगी ! आर्यहरुले आफ्नो रास्ट्रलाई किन "इन्डीया" भन्दथे भने बिसयमा। आफुलाई "यर-यरी, यार-यारी, आरा-आरी, अर-अरी" भन्ने आर्यहरु "रिगा" बाट फैलिएर केही आर्यहरु "इन्दु" नदीको भूभागमा आए र "हरप्पा" मा बसोबास गर्न थाले। हरप्पालाई इनीहरुले आफ्ना पुर्खाका बा "य" को नाममा "यरपा" भनी नामाकरण गरेका थिए। "यरपा" बाट अरपा, हरपा, हरप्पा" हुन गयो। तेस्तै गरी इ आर्य जातीका मानिसहरुले "इन्दु (इन्दुस)" नदीलाई आफ्नी पुर्खाकी आमा "यी" को नामबाट "यीनदी" नाम राखे। "यीनदी" बाट "इनदी" भयो। "इनदी" मा "या" जोडियो र "इनदीया" भयो। "इनदीया" को मतलब "इ नाम गरेकी नदी हुन्, "इ" हो। "इनदीया" बाट "इन्दीया, इन्डीया, इण्डिया" भयो। "इन्डीया" भारत भयो र भारतको नयाँ इतिहास शुरु भयो। "इन्दु" बाट "हिन्दु" भयो। तेस्तै गरी "इन्दु" शब्दको अगाडि "स" (राम्रो) जोडिएर "स+इन्दु" = सिन्दु, सिन्धु" भयो। "इन्दी" बाट "हिन्दी" र "हिन्दी" बाट "हिन्दुस्थान" भन्ने शब्दहरु बने। "इन्दु" शब्द "यी नदी" बाट "इ नद, इ नदु, इन्दु" भै बनेको हो। आर्यहरुले "नदी" लाई स्त्रीलिंग मान्दथे। हालमा बिश्वमा भारतलाई "इन्डीया" भनेर नै सबै मानिसहरुले भन्दछन् र आर्यहरुको प्राचीन "इन्डीया" सभ्यता-"हरप्पा-मोहनजोदारो सभ्यता" लाई "सिन्धुघाटीको सभ्यता" भनेर भनिन्छ। "सिन्धुघाटीको सभ्यता" भन्नु "इन्दुघाटी, हिन्दुघाटीको सभ्यता" भन्नु हो। "इन्दु" नदीलाई "सिन्धु-सिन्धु नदी" अथवा "सिन्धु" नदीलाई आर्यभासा इङ्लिस भासामा "इन्दु-इन्दुस" नदी भनेर नै भनिन्छ। "इन्दु-सिन्दु-हिन्दु" शब्दहरुको मतलब यौटै हो। "यीन्दाबाद" बाट "जीन्दाबाद" शब्द बनेको छ। सिन्धु घाटीको सभ्यता "हिन्दु सभ्यता" हो। युरोप-अमेरिकाका आर्यहरुले भारतलाई "इन्डीया" र सिन्धु नदीलाई "इन्दु" भनेर सृस्टीकालदेखि अझै तक भनीराखेका छन्। "हरप्पा-मोहनजोदारो" को सभ्यता इन्डीयाको प्राचीन आर्य हिन्दु सभ्यता हो। "इनद" बाट "इनदु, इनदी" शब्द बने।

आर्यहरु भारतबाट नेपाल रास्टको नेपाल उपत्तेकामा आए। त्याँदेखि "नीपाल" लाई "नेपाल" भन्न थालियो। यो पिर्थिबीको सबैभन्दा अग्लो हिमालय नेपालको "नगरमाथा"लाई "सगरमाथा" हिमालय भनी नामाकरण गरियो। त्याँदेखि यो सन्सारमा "सगरमाथा" भनेर नै प्रसिद्ध भएको छ। "नगरमाथा-सगरमाथा" को मतलब "नगर-सहर" की "आमा" हो। नेपाल रास्टको नेपाल उपत्तेकामा आएपछि आर्यहरुले "काठमान्डौ" शहरको स्थापना गरे। अब सुन योगी ! कसरी "काठमान्डौ" भन्ने नाम रहन गयो भन्ने बारे। "काठमान्डौ" भन्ने शव्द तीनोटा शब्दहरु "काठा, माना, डाव" मिलेर बनेको छ। एसको अर्थ हुन्छ - "काठा" भन्नाले "काठबाट आगो बालेर यज्ञ होम गरी सदा अग्नीको पूजा गर्ने सेता बर्णका आर्य, "माना" भन्नाले

आइमाइले बिहेपछि बाको सम्पती नमाग्नु । लोग्नेको आधा सम्पती माग्नु । लोग्ने मानिसले स्वास्नी र स्वास्नीका बा-मा, दाजुभाइबाट दाइजो-सम्पती नमाग्नु । दुलहीबा बा-आमा दाजुभाइले दुलाहाका बा-आमा, दाजुभाइबाट दाइजो-सम्पती नमाग्नु। स्वास्नीले लोग्नेको गोडा धोएर जल खाने चलन पुरानो नियम हो । सबै मानिसहरुले हरेक बर्स आफ्नो र आफ्ना परिबारका सबै सदस्सेहरुको जन्मद्विन र उत्सब गरि मनाउनु । मरीसकेका सदस्सेहरु पितृ-मातृहरुको जन्म-तिथिमिति खुशियालीको रुपमा र मरणतिथिमितिमा श्रद्धा, तर्पण, पिन्ड, पानी चढाई शोक मान्नु । छोराले बा-आमाको मरणपछि १३ दिनसम्म काजकिरिया गर्नु । स्वास्नीले लोग्नेको काजकिरिया लोग्ने मरेपछि १३ दिनसम्म गर्नु। मानिस मरेपछि तिनीहरुको लासलाई शङ्ख बजाउँदै आफ्नो गाउँ-बजार, शहर-नगर नजिकैका पवित्र मानिएका जल-नदी-नाला-गन्डकी खोलाहरुबा घाट किनारामा लगी सनालन हिन्दु धर्मको बिधी बमोजिम जलाएर खरानी पार्नु अनि खरानीलाई नदीमा बगाइदिनु सबैभन्दा राम्रो हो । यलेशा-जलेशा लाने चलन पनि छ । मरेका मानिसका सम्झनामा चौतारो चिन्नु सारै राम्रो हो, सनातन धर्म हो, चौतारा-चौतारी बनाएर ब्या गर्ने चलन एकदम राम्रो छ, प्राचीन षस सभ्यता हो । काजकिरिया गर्दा १३ दिनसम्म नून, मासु, चुरोट, जाण-रक्सी नखानु, सम्भोग नगर्नु । "नून" सत हो, प्राण हो, पानी हो, नाना हो, नानी हो, बा-मा हो, नानीको रगत-मासु हो । अतः छोराहरुले बा-आमा मरेपछि १३ दिनसम्म नून खानुहुँदैन, काजकिरिया भनेको त्यो हो, ना हुम् । ब्या गरेका छोरहिरुले बा-आमाको काजकिरिया ५ (पाँच) दिनसम्म गर्ने चलन छ । छोराबुहारीले सासु-ससुराको काजकिरिया १३ दिनसम्म गर्ने चलन पुरानो नियम हो । दाजुभाइहरुले १३ दिनसम्म नून बार्ने-जूठो बार्ने चलन पुरानो नियम हो । काजकिरिया गर्दा कोरमाना ल्याउने, कोरा बार्ने, गरुड पुराण लाउने-सुन्ने, गाईदान गर्ने, बाहुन जातका पन्डीत, पुरेत, पुजारी ब्राहमणहरुलाई दानदछिना गर्ने चलन पुराना नियम हुन् । छोराहरुले बा-आमाको काजकिरिया गर्दा टुपी राखेर कपालका बाँकी रौंहरु खुर्कनुपर्दछ । छोराहरुले दुख बोक्ने, बराखी बार्ने चलनहरु पुराना नियम हुन् ।

बालबिबाह, बहुबिबाह, अनमेल बिबाह गर्नु राम्रो होइन । लोग्नेले स्वास्नी मरेपछि या स्वास्नी पोइल गएपछि या छोराछोरी नभएपछि मन लागेमा, इच्छा भएमा अरु मानिससँग बिहे गरे हुन्छ । छोराछोरी जन्माउनुपर्दछ, अपुताली पर्नु राम्रो होइन । स्वास्नीले लोग्ने मरेपछि

"सती" जानु हुँदैन। बिधवा भएपछि सेतो लुगा लगाउने चलन पुरानो नियम हो। स्वास्नीमानिसले लोग्ने मरेपछि, छोराछोरी नभएपछि पोइल जाने चलन पनि छ।

सबै मानिसहरुले हरेक दिन बिहान उठ्नेबित्तीकै खोला, मूल, नदी, धारा, ताल, कुवा, समुद्र आदिको जलमा न्वाउनुपर्दछ। जलले मुख धुनुपर्दछ। जलले चाक धुनुपर्दछ। बिहान खानेकुरा खानुभन्दा पैला जल शिर शरीरमा छर्केको हुनुपर्दछ, जस्ले छर्कँदैन, त्यो मानिस पबित्र हुँदैन, अपबित्र हो। यल-जल बा हुन्। सबै मानिसहरुले पानीलाई बा मान्नुपर्दछ, पानीमा न्वाउनुपर्दछ, यल-जल, ताल, कुन्ड, नदीनाला, समुद्रमा डुब्नुपर्दछ, शरीरमा जल छर्कनुपर्दछ। पानीले पाप पखालिन्छ। पानीलाई बा मानेपछि पापबाट मुक्ती मिल्दछ। अत: हरेक मानिसले हरेक बिहान पानीमा न्वाउनुपर्दछ, जीउमा जल छर्कनुपर्दछ, जलले मुख धुनुपर्दछ। तेसो गरेमा मात्र मुक्ती मोच्छे मोक्ष मिल्दछ। नत्र मरेपछि पापलोकमा गएर पापको फल भोग्नु पर्दछ। साथै नाना प्रकारका, नाना थरिका, नाना किसिमका चौरासी जुनी लिएर यो पिर्थिबीमा घुमीरहनुपर्दछ। चौरासी जुनीबाट मुक्ती पाउनको लागि मानिसहरु "सत" हुनुपर्दछ, "सत" हुनलाई पानी, जल, यल लाई "बा, पति, परमेश्वर" मानेर जलले न्वाउनुपर्दछ। एसो गर्नाले मानिसहरु चौरासी बर्स भन्दा धेरै बर्स बाँच्दछन् र चौरासी जुनीको चक्रबाट मुक्ती पाउँछन्।

चौरासी जुनीबाट मुक्ती पाउनको लागि मानिसहरुले हरेक दिन चौरासी पल्ट ॐ (अउम) भनेर जप्नुपर्दछ। अनि शिर, कपाल, थाप्लो, टाउकोमा जल छर्कनुपर्दछ। "हरहर गंगा पदमा हरहर ! ब्रहमपुत्र यानुन ! हरहर इन्दु सतलज ! हरहर काली सेती ! हरहर बागमती बिस्नुमती ! भन्नुपर्दछ।

सम्पूर्ण मानबजातीको भासा "संस्कृत भासा" मा घोसणा-निर्माण गरिएका सनातन हिन्दु धर्मका "रीगबेद, बेदहरु, पुराणहरु, उपनिसदहरु, महाभारत, रामायण, भगबदगीता, बेदान्त, मीमांशा, श्रुतिहरु, स्मृतिहरु, मनुस्मृति" आदि सबै शास्त्रहरु एस पिर्थिबीका सबै भासाहरुमा अनुबाद गरेर प्रचार-प्रसार गर्नुपर्दछ, तबमात्रै सबैले सनातन हिन्दु धर्म बुझ्नेछन्। भगबानले सबैको भासा बुझ्दछन्, भगबानलाई सबै कुरा थाहा छ। संस्कृत भासा सनातन हिन्दु भासा हो। यो पिर्थिबीका चौरासी (८४) करोड मानिसहरुले इ धर्मशास्त्रहरु हरेक दिन लेख्ने-पढ्ने, सुन्ने, गाउने, बोल्ने गर्दछन् र गर्नुपर्दछ। संस्कृत भासा, साहित्य, शव्दकोश, ब्याकरण मीठो र बिकसित छ। संस्कृत भासाको यो पिर्थिबीका सबै आधुनिक भासाहरुमा सर्बोच्च, सर्बमान्ने स्थान छ।

सनातन हिन्दु धर्म यो पृथ्वी र मानब जातीको लागि सृस्टीको समयदेखि नै चल्दै आएको लाखौं बर्स पुरानो प्राचीन सनातन धर्म हो। यो आज सन्सारमा चलिरहेको छ, यो आधुनिक धर्म हो। भोलिको सन्सारमा पनि सनातन हिन्दु धर्म चलिरहनेछ, यो भबिस्सेको धर्म हो। सनातन हिन्दु धर्म हिजो-आज-भोलिको सदाकालको धर्म हो। सनातन हिन्दु धर्म अबिनाशी अनन्त धर्म हो। ब्रहमा, बिस्नु, शिवबाट पालन-रक्षा गरिएको धर्म हो। सनातन हिन्दु

धर्म बराह मस्टों भगबानको सृस्टी हो। सनातन हिन्दु धर्म प्राणीको प्राण हो, जिबन हो, यो लाखौं लखौं बर्ससम्मन् चलिरहनेछ - चलिरहनुपर्छ।

"संस्कृत भासा" मा लेखिएका सम्पूर्ण शास्त्र-ग्रन्थहरु षस र आर्य जातीका धर्म-कर्म, राजनीति, सभ्यता, संस्कृति, रास्ट, समाज, भुगोल, जातजाती, भासा-लिपि, ज्ञान-बिज्ञान, कला-प्रबिधि, धर्म, अर्थ, काम, मोक्ष, नीति-नियमका इतिहास, दर्शन, साँछी र प्रमाण हुन्। सबै मानिसहरुले इ किताबहरुको पठन-पाठन, श्रबण-मनन, चिन्तन गर्नुपर्दछ।

सबै मानिसहरुले पबित्र तीर्थस्थलहरु, मन्दीरहरु, घाटहरु, कोटहरु, देबालयहरुको रक्षा र बिकास गर्नुपर्दछ। अमरनाथ, बद्रीनाथ, केदारनाथ, पशुपतिनाथ, मुक्तीनाथ, स्वयम्भूनाथ, गोरखानाथ, बौद्धनाथ, बराहथान, बराहक्षेत्र, बराहनाथ, मस्टोथान, मस्टोथानको दर्शन गर्नु पर्दछ।

भगबान श्रीकृस्न भगबान बिस्नुका औतार हुन्, सत हुन्, श्रीसत हुन्। श्रीकृस्न कृस्ट-उत्कृस्ट-सर्बोत्कृस्ट श्रेष्ठ हुन्, यश हुन्। यशोदाका छोरा हुन्। श्रीकृस्नगन्डकीमा सबैले न्वाउनुपर्दछ। भगबदगीता सबैले पढ्नुपर्दछ। भगबदगीता सबैभन्दा मुख्खे धर्मग्रन्थ हो, हिन्दुगीता हो, लोकगीता हो, भारतगीता हो। "भगबदगीता" संस्कृत भासा-देबनागरी लिपिमा हिन्दु धर्मको ब्राहमण हो। "भगबदगीता" श्रीसत, पुरुस, आत्मन, ब्राहमन हो। भगबदगीता सबैले गाउ, पढ, सुन, बोल, लेख। "महाभारत" सबैभन्दा ठूलो, महान, महत्तोपूर्ण महाकाब्बे, इतिहास, दर्शन हो। "महाभारत" महान कबिता हो, दर्शन हो, सच्चा इतिहास हो। महाभारतको लडाईं हालको भारत (इन्डीया) को महारास्ट्र प्रदेशमा "बारथ" भनीने कौरबहरु र "मारथ" भनीने पान्डबहरुको बीचमा धेरै हजार बर्स अघि भएको थियो जस्लाई "मारथ बारथ = माबारथ = माबारत = महाभारत" भनियो। "मारथ" हरु "मराठ-मराठी" भनिए। "महारास्ट्र" भन्ने नाम "मारथ-माराठ-माराट-महाराट-महारास्ट-महारास्ट्र" भै बनेको हो। "महाभारत" भन्ने नाम "मा" बाट "महा", "बा" बाट "भा" अनि "रथ" बाट "रत" बनी "मारथ-बारथ" दुबै समूहको सल्लाह बमोजिम "माबा रथ" बाट "महाभारत" भनिएको हो। "महाभारत" सबैले पढ्नुपर्छ। महाभारतको लडाईंमा नेपालका राजाहरुले पनि भाग लिएका थिए। बीर कर्ण कर्णाली भेगका राजा थिए र कर्णाल (बाजा) र कर्णाली राज्यको नामाकरण "कर्ण" बाट गरिएको हो। महारास्ट्रको प्राचीन-पुरानो नाम "मर्त्य लोक" हो। "मर्त्य" शब्द "मरत+य" मिलेर बनेको छ। "मरत" को मतलब प्राचीन कालमा "मारथ" र आजभोलि "मराठ-मराठी" भन्ने बुझ्नुपर्दछ। "मर्त्य लोक" भन्नाले "मारथ राज्य, मराठ राज्य, मराठ लोक" भन्ने बुझिन्छ। महाभारत सबैले पढ।

"रामायण" सबैले पढ्नुपर्छ। भगबान श्री राम भगबान बिस्नुका औतार हुन्, सत हुन्, श्रीसत हुन्। भगबान रामको जन्म भारतको अयोध्या र भगबती सीताको जन्म नेपालको जनकपुरमा धेरै धेरै हजार बर्स अघि भएको थियो। राम र राबणको लडाईं श्रीलकामा भएको

थियो जस्मा "हनुमान" ले ठूलो भूमिका खेलेका थिए। महाबली रावण "राकसयश" थिए। राबणको नाम "राउन, राउन्ने" पनि थियो। हनुमान "बादर" थिए। "राउन्ने-हनुमान" भन्नाले मकै बारीमा साउन-भदौमा उम्रने "घाँस-झारपात" पनि बुझिन्छ। साउन मैनाको प्राचीन नाम "सरावण, श्रावण" हो र भदौ मैनाको प्राचीन नाम "बादर, बाद्र, भाद्र" हो। "साउन, सरावण श्रावण" मैनाको नाम "रावण" को नामबाट र "भदौ, बाद्र, भाद्र" मैनाको नाम "बादर (हनुमान)" को नामबाट राखिएको हो। "पाँच जात" षसमध्ये रावण "राषस" जातका थिए भने हनुमान "दर" जातका बनमानिस थिए। रावण मरेपछि "कौवा" भएकाले तिहारमा राबणको सम्मानमा नेपालमा सबैभन्दा पहिला "कौवा तिहार" मान्ने धर्म छ। राबणका भाइ "कुम्भकर्ण" नेपालको धौलागिरी-कर्णाली भेगका राजा थिए। धौलागिरी हिमालको प्राचीन नाम "कुम्भकर्ण हिमाल" हो। हनुमान "बादर" थिए। भन्नाले "दर" जातजातीका "बा (राजा)" थिए। हनुमान बीर, पराक्रमी, साहसी, योद्धा, लडाकु थिए। नेपाली भासामा लोकप्रिय शव्द "बहादुर" "बादर" बाट बनेको हो। "बादर बाट "बादर, बहादुर, बहादुर" बन्यो। हनुमानको ख्यातिबाट। "बादर" भन्दाभन्दै "बहादुर" भन्न थाले। हनुमान "बादर" को श्रीलकाका राजा राबणसँग कुनै बेक्तीगत-जातीगत-रास्टगत रीस ईबी नभैकन, अयोध्याका राजा रामको सहायताका लागि लडाइँ लडेका थिए। तेस समयदेखि तेस्ता योद्धाहरुलाई भारतमा "बादर-बहादुर" भन्न थालिएको हो र हिजो आज पनि ब्रिटिश सेना र भारतीय सेनामा भर्ती भै "युदध गर्ने नेपाली गोरखा सैनिक" लाई बेलायत र भारतमा "बहादुर" भनी सम्मानपूर्बक सम्बोधन गरिन्छ। नेपाली जाती आबस्सेक परेमा अरुको मदतको लागि लडाइ गर्ने बीर जाती भएकाले आफ्नो नाममा सगौरब "बहादुर" शव्द प्रयोग गर्दछन्। एसरी नेपाली शव्द "बहादुर" को इतिहास रामायणसँग गाँसिएको छ। रामायण कालदेखि "षस जातजाती" माथि "आर्य जातजाती" ले हेला गर्न थालेकाले समाज वर्णसकर गराई चार जातमा बाँडी "षस जातजाती" - "राजा जात" भएकाले "षस" मात्र "राजा" हुन पाउने नियम-कानुनको वेवस्था भएको हो। षस "क्षत्रीय" हुन् - चार जात वेवस्था वमोजिम। "क्षत्रीय" भन्ने शव्द "षस (कस) + थरी (तरी) + य" मिलेर वनेको छ जस्को मतलव "षसथरी" अथवा "षसजात" भन्ने वुझिन्छ। कालान्तर मा "षस" शव्द नराम्रो मानिएकोले "षस" शव्दको सट्टा एउटै अक्षर "क्ष (षस=कस)" को वेवस्था-प्रचलन देवनागरी लिपिमा गरिएको हो। वुझ्यौ, वहादुर वावा ' राक्षस रावण महाविद्वान र शिवभक्त थिए। तेसै कारणले उनको स्मृतिमा "कौवा तिहार" मनाइन्छ। सवैले "रामायण" पढ्नुपर्दछ। "हनुमान" शव्द "वनुमान, अनुमान" भै वन्यो।

सबै मानिसहरुले मस्टो पूर्णिमा, बुदध पूर्णिमा, रामनवमी, कृस्नास्टमी, तीज, दसैं, तिहार, होली पूर्णिमा, मान्नुपर्दछ। ब्रहमा, बिस्नु, शिब, सरस्वती, लक्ष्मी, पार्बतीको पूजा आराधना गर्नुपर्दछ। सबैले "रीगबेद, महाभारत, रामायण, भगवदगीता, मनुस्मृति, स्वस्थानी, मस्टो-वाणी" पढ्नुपर्दछ।

यो पिर्थिबीमा तीन जातीका मानिसहरु भएका र तीन जातीका "सृस्टीकर्ता, पालनकर्ता, संहारकर्ता - ब्रहमा, बिस्नु, शिब भएकाले सनातन हिन्दु धर्म" ब्रहमा, बिस्नु, शिब" लाई बराबर पूजा मान मर्यादा गर्ने धर्म हो। सनातन हिन्दु धर्म बाराअ धर्म हो। ब्रहमा, बिस्नु, शिब पिता हुन्, बा हुन्। ब्रहमा बा हुन्, बिस्नु रा हुन्, शिब अ हुन्। ब्रहमा बिस्नु शिव बाराअ हुन्। ब्रहमा, बिस्नु, शिबको सबैले पूजा गर। ब्रहमा, बिस्नु, शिब बराह हुन्, बराह मस्टो हुन्। सन्सारका सबै मानिसजाती "बराहमन-बाराअमन" हुन्। बराह सृस्टीकर्ता-पालनकर्ता-संहारकर्ता हुन्। सबैले "बराह" को पूजा गर। "बराहथान-बराहनाथ" लाई मान।

सनातन हिन्दु धर्म बमोजिम ब्रतबन्ध सँस्कार गरी यज्ञोपबीत "जनै" सधैं लगाउने, सनातन हिन्दु धर्माबलम्बी, दिनदिनै गायत्री मन्त्र जप्ने, नित्ते जपध्यान-पूजापाठ गर्ने, हिम्सा नगर्ने, संस्कृत भासामा लेखिएका सनातन हिन्दु धर्मका सर्बश्री "रीगबेद, सामबेद, यजुरबेद, अथर्बबेद, बेदान्त, मीमांसा, मनुस्मृति, उपनिसद, पुराणहरु, महाभारत, रामायण, भगबदगीता आदि इत्यादि सम्पूर्ण शास्त्रहरु धेरै बर्ससम्मन् पढेर पन्डीत, शास्त्री, आचार्य भै संस्कृत भासामा र यो पिर्थिबीका आजभोलि बोलिने हजारौं भासाहरुमध्ये कुनै एक-दुई भासामा ब्याख्या गर्न सक्ने अनि सनातन हिन्दु धर्मका जन्म, न्वारान, ब्रतबन्ध, बिबाह, मरण, काजकिरिया, श्राद्धे आदि १६ सँस्कारहरु सनातन हिन्दु धर्म शास्त्र बिधान बमोजिम गराउने, गणित र फलित ज्योतिसशास्त्रका बिद्वान ज्योतिसी, बाहुन जातका लोग्नेमानिसहरुलाई पन्डीत, पुजारी, गुरु, पुरोहित, पुरेत भनिन्छ।

पुंजारी, पन्डीत, पुरेतहरुले रास्ट, बर्ण, जात, जाती, भासा, लिपि, थर, थरी, लिङ्ग आद्रिको आधारमा भेदभाब नगरी समानताको आधारमा सबै सनातन हिन्दु धर्माबलम्बी नर-नारीहरुको जन्मेदेखि मरुन्जेलसम्मका १६ सँस्कारहरु गराइदिनुपर्दछ। इ १६ सँस्कारहरु गराउँदा सनातन हिन्दु धर्माबलम्बी मानिसहरुले आफ्ना पूजारी, पन्डीत, पुरेतहरुलाई आफ्नो आर्थिक अबस्था अनुसार दानदछिना (पैसा) दिनुपर्दछ। एस्ता पन्डीत, पुरेत, पुजारी गुरु हुन्, धर्मगुरु हुन्। धर्मगुरुलाई अरु मानिसहरुले श्रद्धापूर्बक नमस्कार गर्नुपर्दछ र धर्मगुरुबाट आशिरबाद लिनुपर्दछ। धर्मगुरुलाई जजमानहरुले खुट्टामा ढोग गर्ने चलन पुरानो नियम हो। यो पिर्थिबीमा हाल धेरै रास्ट, भासा, लिपि, बर्ण, जात, जाती, थर, थरी, धर्म, भगबान, भगबती, मन्दीर, देब देबी प्रति प्रतिबद्ध करोडौं-करोडौं मानिसहरु भएकाले र सनातन हिन्दु धर्ममा इ सबै कुराहरु अटाउने भएकाले पिर्थिबीका सबै प्रकारका मानिसहरुरुपी फूलहरु यौटै सनातन हिन्दु धर्मको धागोमा उनिएर माला बनेमा सारै राम्रो हुन्छ। सनातन हिन्दु धर्म मूल धर्म हो। संस्कृत भासाका "रीगबेद, बेद, उपनिसद, पुराण, बेदान्त, मीमांसा, महाभारत, रामायण, भगबदगीता, मनुस्मृति" आदि ग्रन्थहरु सम्पूर्ण मानब जातीका इतिहास र दर्शनका साँछी र प्रमाण हुन्। सबै मानिसहरुले इ शास्त्रहरुको अध्धेन गर्नुपर्दछ। एसो गरेमा सबै मानिसहरु भगबानको नजिक आउन पाउनेछन्, भगबानको नजिक आउनु सत बाटो पकड्नु हो। अनि

मात्रै ब्रहमलोक, बिस्नुलोक, शिबलोक, सत्यलोक, मस्टोलोक, कैलाशलोक, बारायलोक, बैकुन्ठलोक, बाराअलोक, देबलोक, देबीलोक, रामलोक, कृस्नलोक, बुद्धलोक, बराहलोक, धर्मलोक आदि लोकहरु प्राप्त गर्नु हो। इ लोकहरु प्राप्त गर्ने मानिसहरु पापलोक जाँदैनन्। पापीहरु मात्र पापलोकमा जान्छन्। सबै मानिसहरुले धर्म गर्नुपर्दछ, पाप गर्नुहुँदैन। धर्म सत हो, पाप सत होइन। सबैले "मस्टो-बाणी" सुन, बोल, पढ, लेख।

लौ त महायोगी बहादुर बाबा! मैले तिम्लाई धर्म-शास्त्र, पूजा-बली, काटमार, खानापीना, बिहेबर्तन (बिबाह-ब्रतबन्ध), जन्म-मरण, काजकिरिया, रीतिरिबाज, सम्भोग-मैथुन, चालचलन आदिको विसयमा यम-नियमको छोटो-मीठो व्याख्या गरें। इ बिसयसँग र अरु बिसयसँग सम्बन्धीत मैले नभनेका कुराहरुमा आफ्नो सनातन कुल, धर्म, संस्कृति, परम्परा, बंश, जात, जाती, समाज-रीतिथिति र हाल यो पिर्थिबीमा चलेका ऐन, कानुन, नियम, सम्बीधान अनुसार काम कारबाइ गरेमा मानब समाजको कल्ल्याण हुनेछ।

एति कुरा सुनेपछि महायोगी बहादुर बाबाले भगबान बाराय-बाराअ-बराह मस्ट परमेश्वरमा अर्को प्रश्न सोध्नुभयो - हे भगबान बाराअ! सृस्टीकर्ता, पालनकर्ता, संहारकर्ता! जगतपिता! बा! बराहथान! बराहनाथ! एस पिर्थिबीमा मानिसहरु "चार बर्ण-ब्राहमण, क्षेत्रिय-बैश्य, शुद्र" बाट हजारौं उपजात-जातीहरुमा बाँडिएका छन्। यो "चार बर्ण" बेबस्था हालको पिर्थिबीको सामाजिक अबस्थाको बिचार गर्दा बराबर बनाइनु आबस्सेक जस्तो देखिन्छ अथवा "जातसमकर" हुन जरुरी देखिन्छ परमेश्वर! महादेब भगबान शिबले सबै बर्णहरुमा समानता कायम गरेजस्तै फेरि सबै जातमा समानता कायम गरिबक्स्योस्, अतः "जातसमकर" को बिसयमा क्यै कुरा सन्न पाउँ, ब्रहमान्डपिता प्रभु, मस्टो बराहनाथ!

महायोगी बहादुर बाबाको एस्तो लोककल्ल्यणकारी अनि सार्बजनिक महत्तोको प्रश्न सुनी भगबान बाराय बाराअ बराह मस्टो देउता मुसुक्क हाँसीबक्स्यो र आज्ञा गरीबक्स्योः- "ल त योगी! सबैभन्दा राम्रो प्रश्न गर्‍यौ, ध्यान दिएर सुन। मैले सृस्टीकर्ता ब्रहमा, पालनकर्ता बिस्नु र संहारकर्ता शिबका सल्लाह, आज्ञा अनुसार मानिसहरुको सृस्टी गर्दा "दुई जात तीन बर्ण" का मानिसहरुको मात्र सृस्टी गरेको छु। ती हुन्: पुरुस र आइमाइ वा नर नारी वा याता र याती। "याता" जात भयो, "याती" "जाती" भयो। "जात" भनेको भाले र "जाती" भनेको पोथी हो। जात सत हो, जाती सती हो। जात पुरुस हो, जाती आइमाइ हो। एसरी "यातायाती" शब्दबाट "जातजाती" शब्द बनेको हो। "यात" हिमालय मानिस "नर" हो भने "याती" हिमालय मानिस "नारी" हो। नेपालको प्राचीन नाम "हिमलोक, हिमाललोक" पनि हो। "हिमाल" शब्द "यिमाल" बाट बनेको हो। "यिमाल" बाट "हिमाल" र "जिमाल (जिम्मावाल-जिम्माल)" शब्दहरु बनेका हुन्। त्यै कारणले नेपालमा हरेक गाउँको मुखियालाई "जिमाल" भनिन्छ। "जिमाल प्रथा" लाखौं बर्स पुरानो हो। "यात-याती" नानी हुन् भन्नाले षस-षसिनी हुन्, अतः षस-षसिनीलाई अझ पनि "जात-जाती (जाँठा-जाँठी)" भनेर भन्ने चलन छ।

एसरी पुरुस र आइमाइ दुई जातका मानिसबाहेक तेश्रो जातका मानिस यो ब्रहमान्डमा छैनन्। यो पिर्थिबीमा मूल तीन बर्ण (सेता, पहेंला, काला) का मानिसबाट बिकसित बिभिन्न बर्णका मानिसहरु छन् तर तिनीहरुको "जात-जाती" नरनारी मात्र छ। इ दुई जात "नर-नारी" पनि एक आपसमा बराबर छन्। ढुङ्गाको भर माटो, माटोको भर ढुङ्गो भनेजस्तै "नर लाई नारी, नारीलाई नर, नर-नारी एक आपसमा बराबर" छन्। मानिस ठूलो बर्ण र जातले हुँदैन, धर्म र कर्मले हुन्छ। प्राचीन कालमा सत्य युगमा बर्ण र जातको भेदभाब थिएन। तेसपछि "पान्चयात" (पाँच जात)" बेबस्थाको उदय भयो। "पाँच जात" बेबस्थापछि "चार बर्ण" बेबस्था आयो। "चार बर्ण" बेबस्थापछि "चार जात" बेबस्था आयो र समाजमा चलिरह्यो, चलेको छ, अब "जातसमकर" बेबस्था आयो, बुझ्यौ योगी ! जगतपालक भगबान बिस्नुका चार हात छन्। चार हातमा शङ्ख, चक्र, पदम गदा छन्। शङ्खको मतलब "अमन" चक्रको मतलब "रामन", पदमको मतलब "बामन" र गदाको मतलब बराहमन (बाराअमन) मानिसहरु हुन् पुरानो "चार बर्ण" बेबस्था अनुसार। नयाँ "चार बर्ण" बेबस्था अनुसार शङ्खको मतलब ब्राहमण, चक्रको मतलब क्षेत्रिय, पदमको मतलब वैश्य र गदाको मतलब शूद्र हुन्। बास्तबमा भगबान बिस्नुका चार हातमा भएका शङखको मतलब "मन्दीर", चक्रको मतलब "मानिस", पदमको मतलब "धर्म" र गदाको मतलब "शिक्षा" हो। जगतका पालनकर्ता भगबान बिस्नुले एसरी चार हातमा क्रमश: मन्दीर, मानिस, धर्म र शिक्षाको प्रतीकको रुपमा शंख, चक्र, पदम, गदा लिइबक्सेको छ र जगत पालन गरिबक्सेको छ। भगबान बिस्नु आत्मन, पुरुस, ब्राहमन, श्रीसत होइबक्सीन्छ। सबै मानिसहरुले शंख, चक्र, पदम, गदा धारी भगबान बिस्नुको सदा पूजा गर्नुपर्दछ अनि मात्र "मन्दीर, मानिस, धर्म र शिक्षा" को रक्षा र बिकास हुन्छ।

बिभिन्न बर्ण, पेशा, आश्रम, परम्परा, भासा, लिपि, चालचलन, जात-जाती, थर-थरी, धर्म-आस्था, रास्ट-देसमा बाँडिएपनि सबै मानिसहरु एक आपसमा बराबर छन्। धर्म, अर्थ, काम, मोक्ष, शिक्ष, ज्ञान-बिज्ञान, कला-सीप, बुद्धी, नाता-सम्बन्ध, उमेर, पद, अनुभब आदि गुणहरुले अरुभन्दा माथिल्लो, जेठो, श्रेष्ठ तहमा पुग्नु त स्वाभाबिक हो, सन्सारको नियमै हो। यो पिर्थिबीका सबै मानिसहरु "बाराअमन (बराहमन)" हुन्। म इ सबैको "बा" हुम्। मस्टो बराह भनेको "बाराअ" हो। "बाराअ" भनेको - "बा" भनेको म सृस्टीकर्ता, पालनकर्ता, संहार कर्ता परमेश्वर "स" हुम्। "रा" भनेको "सूर्य, घाम" - मेरो आत्मा "सूरय" हो। "अ" भनेको मेरो छोटो मीठो नाम हो। सबै कुरा "अ" बाट शुरु हुन्छ। अ "य" बाट बनेको हो। "य" यल-जल, यग-जग-जगत, यमीन-जमीन-पिर्थिबी-भूमि हो। "यल" बाट "अल" र "यग" बाट "अग" बनेको हो, "अल-अग" मिलेर "अलक" शब्द बनेको छ। "अलक" को मतलब "जल थल" हो जसको मतलब बराह "जल-थल" दुबैमा छन्। तेसैकारणले "बराह" को नाममा जोगी-सन्न्यासीहरुले भिक्ष माग्दा "अलक" भन्ने चलन छ। म यल-यली, जल-जली हुँ। "अ"

भासा-लिपिको पैलो बर्ण तथा अच्छेर हो। सबै बर्ण-अच्छेरहरु "अ" बाट शुरु हुन्छन्। "अ" मैले यो पिर्थिबीको लागि बराअलोकमा सृस्टी गरेको पैलो थरीको लोग्नेमानिसलाई दिएको मेरो नाम हो । "ययी-यायी" बाट "अइ-आइ" भएको हो । तेसकारण मैले "अउम (ॐ)" भन्दछु र मानिसहरुले पनि "अउम (ॐ)" भनेर रातदिन जप्दछन् र जप्नुपर्दछ। "अउम" भनेको "अ हुम्" भनेको हो, ॐ। एसरी बाराय-बाराअ-बराह बनेको छ। यी हुम्। अ हुम्। नीयम हुम्। मेरा नियम-कानून नमान्नेलाई म सजायँ दिन्छु। "नीयम" भन्ने शब्द "नी" र "यम" मिलेर बनेको छ जस्को मतलब षस जातजातीको पुर्खाकी आमा "नी" को पालादेखि चलेको "यम" (कानून)" हो। ब्रहमा, बिस्नु, शिब "बाराअ" हुन्। "बा" ब्रहमा हुन्, "रा" बिस्नु हुन्, "अ" शिब हुन्। ब्रहमा सृस्टीकर्ता, बिस्नु पालनकर्ता, शिब संहारकर्ता हुन्। ब्रहमा बिस्नु शिब "बराह" हुन्। ब्रहमा, बिस्नु, शिबको सबैले सँधै पूजा गर, गर्नुपर्दछ। ब्रहमा बिस्नु शिब "बराह" र मानिस जाती "मन" हुन्, "बराहमन" हुन्। मस्टो देउता "बराहमन" को सृस्टीकर्ता, पालनकर्ता, संहारकर्ता हुन्।

मलाई मान्ने मानिसहरुले यो पिर्थिबीका सबै मानिसहरुलाई आफुसरह बराबर ठान्नुपर्दछ, तब मात्रै म खुशी हुन्छु। यो पिर्थिबीका सबै मानिसहरुलाई आफ्नोरास्ट, धर्म, भासा, लिपि, थर, थरी, जात, जाती, सभ्भेता, बर्ण, सँस्कृति र परम्पराको रक्षा र बिकास गर्ने समान अधिकार छ। हरेक मानिसले आफु जन्मेको रास्टका राजा, भासा, लिपि, बर्ण, जात, जाती, थर, थरी, धर्म, सँस्कृति, नियम-कानुन बेबस्थाप्रति सदा श्रद्धा गर्नुपर्दछ। हरेक मानिसले आफुले काम गरिरहेको रास्टका राजा, भासा, लिपि, बर्ण, जात, जाती, थर, थरी, धर्म, सँस्कृति, नियम, कानून-बेबस्थाप्रति श्रद्धा गर्नुपर्दछ। हरेक मानिसले आफु बसाइँ सरेको नयाँ रास्टका राजा, भासा, लिपि, जात, जाती, बर्ण, थर, थरी, धर्म, सँस्कृति, नियम-कानुन बेबस्थाप्रति श्रद्धा गर्नुपर्दछ। कसैले कसैमाथि अन्याय, अत्याचार गर्नुहुँदैन, अन्याय-अत्याचार गर्नु पाप हो र पाप गर्ने पपी मानिसहरुको बास सँधै पाप लोकमा हुन्छ, मलाई धर्म मन पर्छ, पाप मन पर्दैन। म धर्मात्माको रक्षा, सृस्टी र पालन गर्दछु अनि पापीको संहार गर्दछु। यो पिर्थिबकि सबै मानिसहरुलाई मस्टो पूर्णिमा-जेठी पूर्णिमा (जेठ शुक्ल पूर्णिमा) को दिनमा मेरो पूजा गर्ने समान अधिकार छ अनि सबै मानिसहरुलाई मेरो "मस्टो-बाणी" बोल्ने,, गाउने, लेख्ने, पढ्ने, सुन्ने समान अधिकार छ। यो पिर्थिबीका सबै मानिसहरुका पुर्खाहरु मेरा सृस्टी हुन्, म सबैको बा हुँ र सबै मानिसहरु बाराअमन हुन्। बामन-रामन-अमन-बाराअमन-"बराहमन" हुन्। "मन" शब्दबाट "मन, मन्छे, मुन्छे, मान्छे, मनुस्य, मनुवा, मानिस, मानब" बनेको हो। मस्टो पूर्णिमा-जेस्ठी (जेठी) पूर्णिमा हो, जेठी पूर्णिमा मस्टो पूर्णिमा हो। मस्टो पूर्णिमा जेठ शुक्ल पूर्णिमा हो। मस्टो पूर्णिमा "सत" पूर्णिमा हो। जेस्ट-जेस्टी बाट जेष्ठ-जेष्ठी बनेको हो। "जेष्ठी" शब्द "येसत" बाट "ये सत, येसत, येस्त, येस्ठ, जेस्ट-जेस्ठी बनेको हो। जेस्ठ-ज्येस्ठ-जेठ महिनाको नाम् "जेस्ठी पूर्णिमा" को नामबाट दिइएको छ। मस्टो पूर्णिमा-जेस्टी पूर्णिमा

चन्द्रसम्बत शक सम्बत अनुसार जेठ शुक्ल पूर्णिमाका दिनमा अर्थात् सूर्य सम्बत बिकम सम्बतको जेठ (कैलेकाइँ असार) मैनामा पर्दछ। "जेठा-जेठी" शब्द "याता-याती" बाट बनेको हो। जेस्ठ-जेस्ठी "सत-संती" हुन्, मस्ट-मस्टी हुन्। मस्ट-मस्टी "नानी" हुन्। अतः मस्टो पूर्णिमा (जेठ शुक्ल पूर्णिमा) "नानी पूर्णिमा" हो। नानी "बराह-बराही" हुन्। "ना" बराह हुन्, "नी" बराही हुन्। मस्टो पूर्णिमा "बराह पूर्णिमा" हो। मस्टोथान "बराहथान-बराहनाथ" हो। म मस्टो हुम्। मेरो पूजा सबैले गर्नुपर्दछ। म सबेको "बाउ ना" हुम्।

आजदेखि फेरि यो पिर्थिबीमा सबै जातहरु बराबर भए। यो मेरो हुकुम हो। जात-समकर भनेर जानीलिनु। अनि पिर्थिबीमा प्रचार-प्रसार गर। "बर्णसमकर-जातसमकर" मानिसहरुको मूलमन्त्र हो। सुन योगी! ऐले यो पिर्थिबीमा मानिसहरुले ठूलो उन्नति गरेका छन्। मानिसहरु हामी देउताहरुले चढ्ने बिमानहरु, हबाइजहाजहरुमा चढेर आकाशमा उड्छन्, एक देसबाट अर्को देसमा जान्छन्। ज्ञानबिज्ञानको उन्नति निकै भएको छ। टेलिफोन, कार, मोटर, रेल, बस, बिमान, हबाइजहाज, रेडियो, टेलिभिजन, क्यामेरा, सिनेमा, बिजुली बत्ती, छापाखाना, घडी, पानीजहाज आदिको बिकास भएको छ। तर कठैबरा! इ मानिसहरु बिभिन्न रास्ट, राजनीति, धर्म, आस्था, परम्परा, जात, जाती, थर, थरी, बर्ण, भासा, लिपि, समुदाय आदिमा बाँडएका छन् र एक-अर्कामा सधै झगडा, कलह, मारकाट, लडाइँ, युद्ध गरिरहेको पनि देखिन्छ। इ मानिसहरुले हामी सबै भगबान बाराअ मस्टोका आज्ञा बमोजिम भगबान ब्रहमा, बिस्नु, शिबका सल्लाहले सृस्टी भएका नरनारहिरुबाट जन्मेका मानिसहरु हौं भन्ने कुरा बिर्सेको देखिन्छ। सुन बहादुर योगी! म यौटा मूलमन्त्र भन्दछु।

"हरेक मानिस देउता हो
हरेक घर मन्दीर हो
हरेक देस बैकुन्ठ हो
हरेक भासा बाणी हो।"

अतः हरेक मानिसले एक अर्काप्रति माया-प्रेम, आदर-सत्कार गर्नुपर्दछ। हरेक प्राणीको आत्मामा मेरो आत्माको अंश छ। म बाट सारा ब्रहमान्ड सन्चालन भैरहेको छ। सूर्य मेरा आत्मा हुन्। अतः मेरा आत्माबाट सृस्टी भएका सम्पूर्ण कुराहरु ममा आउन चाहछन्, मेरा आत्मामा मिल्न चाहन्छन्, मेरो आत्माको ओरिपरि घुमिरहन्छन्। मानिसको त के कुरा, पृथ्वी र अरु देबदेबीलोकहरु पनि मेरो आत्माको ओरिपरी नै घुमिरहन्छन्। पिर्थिबीमा पाप धेरै बढ्यो भने पापको नास गरी धर्मको थापना गर्न म औतारहरु लिन भगबान बिस्नुलाई आज्ञा दिनेछु वा आजजस्तै आफै आउनेछु या मस्ट डाङ्रे झाँकी मार्फत पनि भन्न लगाउनेछु। मेरा आज्ञा अनुसार अरु देबदेबीले पनि समय-समयमा बिभिन्न औतारहरु मानिसहरु लगायत अरु सम्पूर्ण प्राणीहरुको रक्षा गरिरहेका छन् र गर्नेछन्। मेरा आज्ञाले भगबान शिबले शिबलोकबाट यो पिर्थिबीमा आई पापीहरुको संहार गर्नेछन् अनि मेरा आज्ञाले मेरा अंश ब्रहमाले फेरि सृस्टी

गर्नेछन् र भगबान बिस्नुले पालन गर्नेछन्। जबसम्म यो पिर्थिबीमा घाम लागीरहन्छ, ताप र प्रकाश आइरहन्छ, तबसम्म तिमीहरुको जन्म, पालनपोसण, र मुक्तीको बेबस्था मबाट भैरहेको छ भनेर मनमा पक्का निश्चय गर्नु। पाप बढ्यो भनेर नहडबडाउनु, नआत्तीनु, मेरो पूजा गर्नु, मैले भने अनुसार काम गर्नु, सबै कुरा ठिकठाक भैहाल्छ। म सँधै छु, मेरो जन्म-मरण, आदि - अन्त छैन। म अरबौं-अरबौं बर्स पैला पनि थिएँ, आज पनि छु, भबिस्सेमा अरबौं-अरबौं बर्ससम्मन् पनि जस्ताको तस्तै रहिरहनेछु। म सँधै छु र म छन्जेल मेरो आत्मा सूर्य रहन्छ, सूर्य छन्जेल यो पिर्थिबी रहन्छ र यो पिर्थिबी छन्जेल चन्द्रमा रहन्छ, तेस्तै यो ब्रहमान्डमा अरु देबदेबीलोकहरु पनि रहिरहन्छन्। म सर्बमान्ने, सर्बोच्च बाराअलोकमा बसेर यो सारा ब्रहमान्डको पालन गर्दछु। सबै कुरा मेरा मनबाट चल्दछन्। म सबैभन्दा ठूलो मूली हुँ। यौटा कुरा नबिर्सनु, योगी ! त्यो के भने, यो पिर्थिबीमा भएका सबै प्राणीहरुमा मानिस जाती सर्बश्रेष्ठ प्राणीहरु हुन्। यो पिर्थिबीका नरनारी श्रेष्ठ छन्। मानिसहरुको लागि यो पिर्थिबी नै देबलोक जस्तो हो, सबैले राम्रो काम गरेमा यो मनुस्सेलोक-मानबलोक पृथ्वी पनि देबलोक जस्तो जस्तो बन्न सक्छ। मैले यो पिर्थिबीको लागि चाहिने सबै चीजहरुको रचना गरिदिएको छु, कुनै कुराको कमी छैन। तेसकारण यो पिर्थिबीमा के गरे ठिक हुन्छ, के गरे बेठीक हुन्छ भन्ने कुरा मनमा राखेर सबै मानिसहरुले राम्रो काम गरेमा मानिसहरुको लागि त्यो भन्दा सर्बोत्तम चीज एस पिर्थिबीमा अर्को छैन। तब मात्रै मुक्ती-मोच्छे मिल्दछ। पापलोकमा पापको फल भोग्नुपर्दैन। सिधै मेरो लोक "बाराअलोक" तथा अरु भगबान-भगबतीहरुको लोकमा जान पाइन्छ। म बाराअ, बाराअपति, बापती, रापती, अपती, बाराअथान, बाराअथानी, बाराअनाथ, बाराअनाथी, बराहनाथ, बराहथान, बाराय, बारायपति, यपती, बराये, बराह हुम्। बा हुम्, रा हुम्, अ हुम्, य हुम्, म बुडो जे "य" हुम्, बाबा हुम्। बाराय, बाराअ, बराह मस्ट, मस्टो, नानी, सत, स, ईश्वर, परमेश्वर, प्रभु, कुल, मूल हुम्।

यो पिर्थिबीका सबै बर्णका मानिसहरुका बा-मा हरु मैले मेरा मनबाट सृस्टी गरेका हुन्, तेसैले सबै थरी "बराहमन" मानिसहरु हुन्। पृथ्वीका सारा मानिसहरु "बराहमन" हुन्। सृस्टीकर्ता ब्रहमा, पालनकर्ता बिस्नु, संहारकर्ता शिब र अरु देबीदेउताहरु मेरा ओरिपरि छन्। म कुनै पनि आइमाइलाई स्वास्नी बनाएर छोराछोरी पाउँदिन अनि म कुनै पनि मानिसको छोराछोरी भएर जन्मन्न। म आफै औतार लिँदिन। औतार लिने काम मेरा आज्ञाले भगबान बिस्नुले र अरुले देबीदेउताहरुले गर्दछन्। म सबैको बीउ हुँ, आत्मा हुँ, बा हुँ, बीउ दिने पिता हुँ, बाबा हुम्, नानी हुँ, सत हुम्, सतबीउ हुँ। म सर्बत्र व्याप्त छु तैपनि अदृस्से जस्तो छु। सबै चीजको जन्म मेरा आत्माबाट हुन्छ, मनबाट हुन्छ, मैले जे चाह्यो, जस्तो चाह्यो, जहाँ चाह्यो तेस्तै बनाइदिन्छु। तैपनि सबै कुरा नियमबाट चल्ने गरि बनाउँछु, बेनियमपूर्बक होइन। मानिसले फलामबाट खुकुरी बनाउन सक्छ तर खुकुरीमा प्राण भर्न सक्दैन तर मैले चाहेमा खुकुरीमा पनि प्राण भर्दिन सक्छु। लोग्नेमानिस र आइमाइ मानिसले दुबैले सम्भोग गरेर

आफुजस्तै छोराछोरी जन्माउन सक्दछन् तर एक्लै जन्माउन सक्दैनन्। मैले त फु मन्तरकी बाचा फु मान्छे उत्पन्न भैजा भन्नेबित्तीकै मान्छेको सृस्टी हुन्छ। काला बर्णका लोग्ने-स्वास्नीले सेता बर्णका छोराछोरी जन्माउन सक्दैनन्, तेस्तै गरेर सेता बर्णका लोग्ने-स्वास्नीले काला बर्णका छोराछोरी जन्माउन सक्दैनन्। जन्माउन चाहेमा अन्तरबर्ण-अन्तर जात। बिबाह सम्बन्ध कायम गर्नुपर्दछ। तर मैले चाहने बित्तीकै जुनसुकै बर्ण-जातका मानिसको र प्राणीको सृस्टी हुन्छ। मानिसले बिमान बनाएर हामी भैँ आकाशमा उडे तापनि कमिलाको सृस्टी गर्न सक्दैनन्। सृस्टी गर्ने शक्ती ममा र मेरा अंश ब्रहमा, बिस्नु, शिबमा छ, अरुमा छैन। मेरो यम-नियम सृस्टी भनेको त्यो हो। तेसै कारणले सबैले मलाई "बा, बाराअ" भन्दछन् र मैले पनि म सबैको "बा, बाराअ" हुम् भन्दछु। म बाराअ मस्टो भगबान ब्रहमा, भगबान बिस्नु, भगबान शिब र अरु सबै देबी-देउताहरुको सृस्टीकर्ता हुँ। मेरा आज्ञाले मेरा अंश ब्रहमाले सृस्टी गरे, बिस्नुले पालन गरे, शिवले संहार गरे। ब्रहमाले सृस्टी गर्दछन्, बिस्नुले पालन गर्दछन्, शिबले संहार गर्दछन्। ब्रहमाले सृस्टी गरिरहनेछन्, बिस्नुले पालन गरिरहनेछन्, शिबले संहार गरिरहनेछन्। एसरी मेरो अध्यक्षतामा,पतित्वमा यो ब्रहमान्ड चलेको छ र चलिरहनेछ। यो ब्रहमान्डमा यो पृथ्वीका साथै बाराअलोक, ब्रहमलोक, बिस्नुलोक, शिबलोक, बैकुन्ठलोक, कैलाशलोक, देबलोक, देबीलोक, भगबानलोक, भगबतीलोक, मस्टलोक, मस्टोलोक, यमलोक, रामलोक, कृस्नलोक, पितृलोक, मातृलोक, बुद्धलोक, स्वर्गलोक, न्वर्गलोक, धर्मलोक, पापलोक, तारालोक, चन्द्रलोक, सूर्यलोक, हिन्दुलोक, मंगल, बुध, बृहस्पति, शनि, शुकलोक आदि इत्यादि छन्। बाराअलोक सर्बोच्च हो, त्याँ मेरो अनि ब्रहमा, बिस्नु, शिबको सदा भेटघाट र आपसी सर सल्लाह भैरहन्छ। पापलोकमा यो पिर्थिबीमा पापकर्म गर्ने पापी मानिसहरुलाई मरेपछि पापको फल भोग्नको लागि पठाइन्छ। ए मान्छेहरु! मान्छे भएर धर्म गरेर धर्मलोकमा जाने काम गर्नु तर पापलोकमा जाने पापी काम कैल्यै पनि नगर्नु। अत: म आज यो पिर्थिबीको सबैभन्दा अग्लो हिमाल सगरमाथाको देश नेपालबाट यो पिर्थिबीका सबै रास्ट, बर्ण, जात, जाती, भासा, लिपि, थर, थरीका मानिसहरुलाई घोसणा गर्दछु : मेरो पूरा नाम बराअ हो, मेरो छोटो नाम अ हो। म बा हुँ। मेरो बोली बा बोली हो। बा बोली ॐ (अउम) हो। य हुम्। बा पति मान। बा पति मान्नु भनेको मलाई सर्बोच्च सार्बभौम मालिक, पति मान्नु हो। किनकि म सृस्ट हुँ, म कृस्ट-उत्कृस्ट-सर्बोत्कृस्ट श्रेष्ठ" स, ईश, ईश्वर, परमेश्वर" हुँ। य हुम्। यल-जल हुम्। यमीन-जमीन हुम्। यग-जग-जगत-जगतपति हुम्। अल-अग अलग-"अलक" हुम्। म बाराय हुम्। म बारायलोक, बाराअलोक, बराहलोक बराहथान बैकुन्ठमा बस्दछु। म सृस्टी. पालन र सहार गर्दछु। जुनसुकै काम गर्दा वा पूजा गर्दा सबैभन्दा पैला सुरुमा ॐ (अउम) भनेर उच्चारण गर्नुपर्दछ। ॐ (अउम) मेरो मूल बाणी हो। सृस्टीकर्ता भगबान ब्रहमाको पूजा गर्दा ॐ (अउम) मा, पालनकर्ता भगबान बिस्नुको पुजा गर्दा (स्वस्तीका) मा र सहारकर्ता भगबान शिबको पूजा गर्दा (त्रिशुल) मा पूजा गर्नुपर्दछ। अउम (ॐ), स्वस्तीका ( ) त्रिशुल ( ) सनातन

हिन्दु धर्मका त्रिसत हुन् । ब्रहमा, बिस्नु, शिब "त्रीपिता" हुन्, बा हुन्, सत हुन्, देब, स, ईश, ईश्वर, परमेश्वर हुन् । सरस्वती, लक्ष्मी, पार्बती "त्रीमाता" हुन्, मा हुन्, सती हुन् । देबी, इश्वरी, परमेश्वरी हुन् । ब्रहमा, बिस्नु, शिब बाराअ हुन् । ब्रहमा बा हुन्, बिस्नु रा हुन्, शिब अ हुन् । म बाराय-बाराअ-बराह, सत-मस्ट-मस्टो हुम् । "मस्टो-बाणी" मेरो बाणी हो । "मस्टो-बाणी" सबै मानिसहरुका लागि धर्मको गुरु हो । मैले भने अनुसार गर्नु धर्म हो, नगर्नु पाप हो । धर्म गरेमा मात्र "धर्मलोक" मा जानेछौ । पाप गर्ने पापी मानिसहरु "पापलोक" मा गएर पापको फल भोग्नेछन् । सँधै धर्म गर, पाप कैले पनि नगर, तब मात्रै धर्मको स्थापना हुनेछ । "अउम ॐ" पुरुस, आत्मन, ब्राहमण, सत, श्रीसत, नानी हो । पिर्थिबीका सबै मानिसहरु "बय्रहमन (ब्राहमण)" हुन् । सबैले मेरो पूजा गर", मस्टो-बाणी" पढ, लेख, गाउ, सुन, बोल । स हुम्, सत हुम्, श्रीसत हुम् । म सत हुँ, मस्ट हुम् । हेर योगी !" खस जाती, संस्कृत साहित्य, हिन्दु धर्म, सनातन सँस्कृति, नेपाल रास्ट, देबनागरी लिपिं, नेपाली भासा, बिक्रम सम्बत, मस्टो देउता र राजातन्त्रात्मक प्रजातन्त्र" सत हुन्, मस्ट हुन्, मस्टाङ्ग हुन्, मस्टका अङ्ग हुन्, मेरा अङ्ग हुन् । "मस्टो-बाणी" मेरो बाणी हो । "मस्टाङ्ग र मस्टो-बाणी" लाई सबैले सधैं मायाप्रेम, रक्षा-बिकास गर । "मस्टाङ्ग र मस्टो-बाणी" लाई माया-प्रेम, रक्षा-बिकास गर्ने मानिसलाई मात्र बाराअलोक बैकुन्ठधाम प्राप्त हुन्छ । "मस्टो हुँ म, मस्टो म हुँ, हुँ म मस्टो, म हुँ मस्टो, म मस्टो हुँ, हुँ मस्टो म ।" सनातन हुम् । हिन्दु हुम् । य हुम् । यल-जल हुम् । बा हुम्, रा हुम्, अ हुम्, बाराअ हुम् । धर्म हुम् । सनातन हिन्दु धर्म हुम् । आइ हुम् । नानी हुन् । सासी हुम् । आ हुम् । ना हुम् । सा हुम् । बामन हुम्, रामन हुन्, अमन हुम्, बाराअमन हुम् । म सबैको बा बाराअ, बाराय, बराह मस्टो भगबान हुँ, म सबैभन्दा ठूलो देउता हुँ । म सृस्टीकर्ता, पालनकर्ता, संहारकर्ता हुम् । मेरो माया सबैमा बराबर छ । म कसैलाई काखा र कसैलाई पाखा गर्दिन । जसरी सूर्य पिर्थिबीका सबै बस्तुहरुमा समान रुपले चम्कन्छन् । बुझ्यौ, महायोगी बहादुर बाबा ! यो पिर्थिबकि सबै मानिसहरुले हरेक दिन चौरासी (८४) पटकः-

"यवुम यावुम यीवुम युवुम येवुम योवुम, ववुम वावुम वीवुम वुवुम वेवुम वोवुम,
कवुम, कावुम, कीवुम, कुवुम, केवुम, कोवुम, गवुम गावुम गीवुम गुवुम गेवुम गोवुम
चवुम चावुम चीवुम चुवुम चेवुम चोवुम, तवुम तावुम तीवुम तुवुम तेवुम तोवुम
दवुम दावुम दीवुम दुवुम देवुम दोवुम, नवुम नावुम नीवुम नुवुम नेवुम नोवुम
पवुम पावुम पीवुम पुवुम पेवुम पोवुम, ववुम वावुम वीवुम, वुवुम वेवुम वोवुम
मवुम मावुम मीवुम मुवुम मेवुम मोवुम, सवुम सावुम सीवुम सुवुम सेवुम सोवुम
रवुम रावुम रीवुम रुवुम रेवुम रोवुम, लवुम लावुम लीवुम लुवुम लेवुम लोवुम"

भनेर "चौरासी जात" हरुको नाम लिनुपर्दछ । तेसपछि यो पिर्थिवीका सवै मानिसहरुले हरेक दिन एक सय आठ (१०८) पटकः-

"अहुम आहुम ईहुम उहुम एहुम ओहुम्, हहुम हाहुम हीहुम हुहुम हेहुम, होहुम

जहुम जाहुम जीहुम जुहुम जेहुम जोहुम, झहुम झाहुम झीहुम झुहुम झेहुम झोहुम
ञहुम ञाहुम ञीहुम ञुहुम, ञेहुम ञोहुम, षहुम षाहुम षीहुम षुहुम षेहुम षोहुम
घहुम घाहुम घीहुम घुहुम घेहुम घोहुम, छहुम छाहुम छीहुम छुहुम छेहुम छोहुम
थहुम थाहुम थीहुम थुहुम थेहुम थोहुम, टहुम टाहुम टीहुम टुहुम टेहुम टोहुम
ठहुम ठाहुम ठीहुम ठुहुम ठेहुम ठोहुम, डहुम डाहुम डीहुम डुहुम डेहुम डोहुम
ढहुम ढाहुम ढीहुम ढुहुम ढेहुम ढोहुम धहुम धाहुम धीहुम धुहुम धेहुम धोहुम
णहुम णाहुम् णीहुम णुहुम णेहुम णोहुम, फहुम फाहुम फीहुम फुहुम फेहुम फोहुम
भहुम भाहुम भीहुम भुहुम भेहुम भोहुम, ङहुम ङाहुम ङीहुम ङुहुम ङेहुम ङोहुम
भनेर एकसय आठ (१०८) पटक "१०८ (एकसय आठ) बर्ण" हरुको नाम लिनुपर्दछ। एसरी "चौरासी जात र एकसय आठ बर्ण" हरुको एकसय बयानब्बे (१९२) पटक नाम लिएपछि फेरि बत्तीस (३२) पटकः-

"अहुम कहुम षहुम गहुम घहुम ङहुम चहुम छहुम जहुम झहुम ञहुम टहुम ठहुम डहुम ढहुम णहुम तहुम थहुम दहुम धहुम नहुम पहुम फहुम बहुम भहुम महुम यहुम रहुम लहुम वहुम सहुम हहुम"

भनेर नाम लिनुपर्दछ। इ बत्तीस नाम बत्तीस (३२) लक्षण हुन्। बत्तीस लक्षण पूर्णता हो। बत्तीस दाँत-बत्तीस दन्ते बत्तीस नाम हुन्। मानिसका बत्तीस (३२) ओटा दाँत हुनु पूर्णता प्राप्त गर्नु हो, अत: हरेक दिन कम्तीमा "बत्तीस नाम" हरु "बत्तीस दाँत" बाट "बत्तीस पटक" उच्चारण गर्नुपर्दछ। "देबनागरी लिपि" को आधुनिक बर्णमाला इ "बत्तीस नाम" मा आधारित छ। अउम (ॐ) बाराअ ! सुन ! योगी ! यो पिर्थिबकि सारा मानिसहरुले जगतपालक, भगबाऩ बिस्नुको सदा पूजा गर्नुपर्दछ। भगबान बिस्नुले चार हातमा "मन्दीर, मानिस, धर्म र शिक्षा" को रुपमा "शंख, चक्र, पदम, गदा" लिइबक्सेको छ र जगतको पालन गरिबक्सेको छ। बुझ्यौ योगी !" बाराअ सत हुन्। बाराअ हुन् सत। हुन् बाराअ सत। हुन सत बाराअ। सत बाराअ हुन्। सत हुन बाराअ।" बाराअ सत हो। बाराअ हो सत। हो बाराअ सत। हो सत बाराअ। सत बाराअ हो। सत हो बाराअ।" बाराअ सत हुनुहुन्छ। बाराअ हुनुहुन्छ सत। हुनुहुन्छ बाराअ सत। हुनुहुन्छ सत बाराअ। सत बाराअ हुनुहुन्छ। सत हुनुहुन्छ बाराअ।" बाराअ सत होइबक्सन्छ। बाराअ होइबक्सन्छ सत। होइबक्सन्छ बाराअ सत। होइबक्सन्छ सत बाराअ। सत बाराअ होइबक्सन्छ। सत होइबक्सन्छ बाराअ।" एसरी यौटा "ब्रहमबाक्य" लाई चौबीस तरिकाले परर बोल्न सकिन्छ, बोल्नुपर्दछ, यो मेरो बाणीको बिशेसता हो, बुझ्नुभो, योगीज्यू ! घाम् झुलुक्क झुल्कन्छ, जुन टलक्क टल्कन्छ, पानी सलल बग्छ, हावा सरर बहन्छ, आगो धपक्क बल्छ, मान्छे गलल हाँस्छ। मेरो कुरा "मस्टो-बाणी" तपाईंले बुझ्नुभयो होला, "मस्टाङ्ग" को बिसयमा फेरि एकपल्ट भन्छु - "नेपाली भासा, मस्टो देउता, देवनागरी लिपि, बिक्रम सम्बत, सनातन सँस्कृति, हिन्दु धर्म,नेपाल रास्ट, संस्कृत साहित्य, मानिस जाती, र राजातन्त्रात्मक

प्रजातन्त्र" मस्टाङ्ग हुन्, सदा सर्बदा रक्षा र बिकास गर। "नेपाली भासा" मेरो भासा हो, मस्टो भासा हो, षसभासा हो, लोकभासा हो, मूलभासा हो, रास्टभासा हो, बा भासा हो, पितृभासा हो, मातृभासा हो, देबभासा हो, दानव, भासा हो, मानब भासा हो, साजा भासा हो, राजा भासा हो। सन्सारका सबै भासाहरु "नेपाली भासा" बाट बनेका हुन्। "नेपाली भासा" सन्सारमा सबैभन्दा मीठो भासा हो। "नेपाली भासा" सन्सारमा सबैभन्दा सर्जिलो भासा हो। बुझ्यौ योगी! अरु क्यै कुरा छ कि?

महायोगी बहादुर बाबाले भन्नुभयो : हे जगतनाथ, मानबश्रस्टा, प्राणीपिता, बाबा, ठाकुर, नाना, शाशा, रारा, पति, यश, सत, बाराय, बराह, पिता, ईश्वर, देब, नाथ, थान, श्रीसत, थानी, सर्बोत्कृस्ट, भासाश्रस्टा, लिपिश्रस्टा, धर्मश्रस्टा, परमपिता, बाराअ मस्टो देउता, भगबान, मस्टो-बाणी। मेरा मनमा उठेका सबै प्रश्नहरु, सवालहरु, जिज्ञासाहरु आज हजुरबाट बक्सेका "मस्टो-बाणी" बाट समाधान भए। म एती खुशि छु कि बयान गरेर साध्य छैन। हजुरका "मस्टो-बाणी" धर्मबाणीहरुको पालन गर्नेछु, प्रचार-प्रसार गर्नेछु, दुनियाँ-मुलुकमा फैलाउने छु। हजुरको साक्षात दिब्य अलौकिक दर्शन आज हजुरले मलाई बक्स्यो। म सारै हर्सित छु र मेरो जन्म सार्थक भएको अनि "धर्म, अर्थ, काम, मोक्ष" मिलेको अनुभव भैरहेको छ। हजुरलाई मेरो बारम्बार नमस्कार छ।" हजुर बा-आमा, राजा-रानी, हजुर दाजु भाई - दिदीबैनी, हजुर धन-दौलत, ज्ञान-गीता, हजुर सबैभन्ना ठूला देउता" होइबक्सन्छ।

तेसपछि महायोगी बहादुर बाबाको कुटीबाहिर बिमानको आबाज सुनियो। अनि जगतपिता भगबान मस्टो बाराअ देउताले बहादुर बाबालाई भनीबक्स्यो - "लौ त योगी! मेरो जाने समय भयो, तिमीलाई आशिरबाद दिन्छु, आशिरबाद ग्रहण गर भनी महायोगी बहादुर बाबाको शिरमा दुबै हात राखी "ॐ (अउम)" उच्चारण गरीबक्स्यो र आशिरबाद दिबक्स्यो -

"अउम! द्रोणाचार्यका झैं आयु, दशरथका झैं श्री रामका झैं शत्तुरहरुको नास, नहुसका झैं ऐश्वर्य, बायुका झैं गति, दुर्योधनका झैं मान-मर्यादा, कर्णका झैं दानपुन्ने, बलरामका झैं बल, युधिस्ठीरका झैं सत्ते बचन, बिदुरका झैं बुद्धी र नारायणका झैं कीर्ति प्राप्त होस्, ॐ बाराअ!"

महायोगी वहादुर बाबाले भगबान मस्टका दुबै चरणकमलमा शिर राखी ढोग गर्नुभयो। भगबान मस्टो बाराअ परमेश्वरले "तथास्तु" भन्दै बहादुर बाबालाई मीथ उठाइबक्स्यो र विदावादी भै देउताद्वारा हाँकिएको बिमानमा चढी मुक्तीनाथको दिशा भएर "बाराअलोक" तर्फ सवारी होइवक्स्यो।

तेसपछि महायोगी बहादुर बाबाले कालीगन्डकीमा गै भर्खरै झलमल्ल उदाएका भगबान सूर्यलाई "हजुर बा-मा, राजा-रानी, हजुर दाजुभाइ, दिदीवैनी, हजुर धनदौलत, ज्ञान-गीता, हजुर सबैभन्दा ठूला देउता" भनी श्रीकृस्नगन्डकी कालीनदीको यल-जल-पानी अँजुलीमा उठाइ आठपटक जल अर्पण र नमस्कार गर्नुभयो।

त्यो दिन "मस्टो पूर्णिमा (जेठ शुक्ल पूर्णिमा-जेठीपूर्णिमा)" को दिन थियो । भगबान मस्टो श्रीसत बाराअको पूजा गर्ने महान दिन । राखुको शिरमा रहेको सिजाल गाउँमा भगबान बाराय मस्टको पूजा गर्न "मस्टो बराहथान" धुपिचौरमा सयौं बाजागाजा, धोजा-पताका, बोका-पाठा-साण, धूप-बत्ती लिएर जम्मा भएका नेपाल अधिराज्यका १४ (चौध) अन्चल, ७५ (पचत्तर) जिल्लाहरुमा मेची अन्चलका झापा, इलाम, पाँचथर, ताप्लेजुङ जिल्लाहरु, कोशी अन्चलका मोरङ, सुनसरी, भोजपुर, सङखुवासभा, तेरहथुम, धनकुटा जिल्लाहरु, सगरमाथा अन्चलका सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा, उदयपुर, सिराहा, सप्तरी, जिल्लाहरु, जनकपुर अन्चलका दोलखा, रामेछाप, सिँधुली, धनुसा, महोत्तरी, सर्लाही जिल्लाहरु, बागमती अन्चलका रसुवा, नुवाकोट, धादिङ, भक्तपुर, काठमान्डौ, ललितपुर, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक जिल्लाहरु, नारायणी अन्चलका मकवानपुर, रौतहट, बारा, पर्सा, चितवन जिल्लाहरु, गन्डकी अन्चलका गोरखा, मनाङ, लमजुङ, कास्की, तनहुँ, स्याङजा, जिल्लाहरु, लुम्बीनी अन्चलका गुल्मी, पाल्पा, अर्घाखाँची, कपिलबस्तु, रुपन्देही, नवलपरासी जिल्लाहरु, धौलागिरी अन्चलका मुस्ताङ्ग, म्याग्दी, बागलुङ्ग, पर्बत जिल्लाहरु, भेरी अन्चलका जाजरकोट, दैलेख, सुर्खेत, बाँके, बसिर्दया, जिल्लाहरु, राप्ती अन्चलका रुकुम, रोल्पा, प्युठान, सल्यन, दाङ जिल्लाहरु, कर्णाली अन्चलका डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला जिल्लाहरु, सेती अन्चलका कैलाली, बझाङ, बाजुरा, डोटी, अछाम जिल्लाहरु र महाकाली अन्चलका दार्चुला, बैतडी, डडेलधुरा, कन्चनपुर, जिल्लाहरु अनि नेपाल बाहिरका सिक्कीम, भुटान, दार्जिलिङ्ग, खर्साङ, लहासा, मुम्बाइ (बम्बै), आसाम, गोरखपुर, बनारस, देहरादुन, धर्मशाला, आदि ठाउँहरुबाट आएका हजारौं हजारौं पन्त, लामिछाने, घोताने, पोखरेल, वाइबा, मरासिनी, ज्ञवाली, पन्थी, बलामी, सलमी, पराजुली, परियार, श्रीस, लम्साल, उप्रेती, भट्टराइ, उपाध्याय, चामलिङ, खनाल, दाहाल, खनेल, तिवारी, काफ्ले, यादब, गोसाइं, मन्डल, मिजार, सेन्चुरी, बराइली, बराल, खतिवडा, रिमाल, लालचन, ठाकुर, मोतीचन, ढष्काल, मानन्धर, अमात्य, ज्यापु, डाँगी, पाणा, मास्के, बाणा, बर्मा, पहाडी, खरेल, मदीसे, ओली, भोटे, रजौरिया, हिमाल, रुम्बा, धामी, पुनेल, रावत, रावल, भाद्र, कार्की, बहादुर, बस्नेत, थापा, गुरुङ, राना, सिजापति, शाह, भन्डारी, राणा, घले, आर्य, आचार्य, मगर, साह, क्षेत्री, थारु, धिमाल, बरुवाल, पुन, चोखाल, सुनार, छन्तेल, बाहुन, बुढा, हमाल, श्रेष्ठ, प्रधान, बोगटी, घर्ती, रोका, शर्मा, सुबेदी, शेर्पा, राजबंशी, जैसी, खस (षस), राई, दमाई, छेत्री, लिम्बु, कामी, लेप्चा, सन्नीसी, न्यार, पान्डे, किरात, चौधरी, झा, रौनियार, मल्ल, बिश्वकर्मा, ठकुरी, जोशी, राजभन्डारी, सिंह, मङ्गोल, माझी, बिस्ट, सार्की, चन्द, चमार, सुनुवार, तामाङ, मैथिल, महत, दनुवार, लामा, पन्त, ब्राहमण, रेग्मी, बराहमन, देबकोटा, गाइने,,पोडे, शुद्र, अधिकारी, आउरी, शाही, बैश्य, खड्का, गिरी, थकाली, गोरखा, क्षेत्रिय, बानियाँ आदि इत्यादि थर-थरी, जात-जातीका सनातन हिन्दु धर्माबलम्बी मानिसहरु सम्मीलित-उपस्थित थिए । मस्ट डाइरेले पूजा घरबाट धूप-बत्ती हालेपछि "यल ले, जल ले, पानी ले हए, बाराय हुम्, बा हुम्, वाराअ हुम्,

सनातन हुम् हए, बराह हुम्, कुल हुम्, हिन्दु हुम्, कुलायन हुम् हए, मस्ट हुम्, मस्टो हुम्, सत हुम् हए, यल ले, जल ले, पानी ले हए" भन्दै ३-४ घन्टासम्म मानिसहरुलाई हुकुम दिए । अनि आफ्नो थाप्लोमा पानी खन्याए तेसपछि मस्ट डाङ्रे झाँकीले बलि चढाएका सबै साण-बोका-पाठाहरुको भोग खाएपछि मस्ट डाङ्रेलाई मस्टो बराहथानबाट १०-१२ जना मानिसहरुले समातेर काम्न छोडाए । भगबान बाराअ मस्टको पूजा, बलि र भोग सकियो । बलि चढाएका सबै साण, बोका, पाठाहरुको मासु पकाएर सबै नरनारीहरुले भगबान बाराय मस्टोको "प्रसाद" खाए ।

तेसपछि धुपिचौर मैदानमा बिभिन्न समूहहरुकां बीच भलिबल, बास्केटबल, डन्डी-ब्यो, कपर्दी, र ठेलो फाल्ने बाजीहरु भए । बिजयीहरुलाई अबीर दलेर फेता गुथाइयो, पुरस्कार बितरण गरियो । त्याँ फ्रान्स, जर्मनी, चीन, जापान, भारत, ब्रिटेन, हङकङ, इटाली, क्यानाडा, रुस, अमेरिका, अस्ट्रेलिया, स्पेन, ब्राजिल, पेरु, मेक्सीको, मलेसिया, स्वीटजरल्यान्ड, अफ्रिका, टर्की, इजरायल, थाइल्यान्ड, इजीप्ट, नाइजेरिया ग्वाटेमाला, अरेबिया, बोर्नियो, ग्रीस, आदि बिभिन्न रास्टहरुबाट नेपालका हिमालय आरोहण गर्न, दृस्से अबलोकन गर्न, घुम्न, फिर्न, पदयात्रा गर्न नेपालको भ्रमणमा आएका किसिम-किससमका रङगी-चङगी लुगा-कपडाहरु लगाएका, क्यामेरा, रेडियो, टेप रिकर्डरहरु बोकेका गोरा, सेता, पहेंला, काला, स्याम आदि बिभिन्न बर्णहरुका इङलिस, जर्मन, फ्रेन्च, स्पेनीस, मलए, उर्दु, सिंहाली, नेपाली, अरबी, फारसी, पन्जाबी, हिन्दी, जापानी, मान्डारीन, रुसी, तामिल, आदि भासाहरु बोल्ने सयौं पर्यटक नरनारीहरु पनि उपस्थीत थिए ।

सबै नेपाली मानिसहरु तेसपछि नेपाली नौमती पन्चै बाजाहरुको तालमा पालैपालो यानीमया, झ्याप्रे, गीतहरु गाउँदै नाचे । कोही युबक-युबतीहरु मादल, मुरली र डम्फु बजाउँदै नेपाली भासामा दोहोरी लोकगीतहरु गाए, नाचे, मोजमज्जा गरे । दमाइहरुले नरसिङा, ट्याम्को, सनाइ, दमाहा, झ्याली आदि पन्चैबाजा बजाई नारा लगाए । बिदेशी परेटकहरुले आ-आफ्नो क्यामेराबाट फोटो खिचे, रेडियो टेपमा बाजाको धोनी रिकर्ड गरे । एसरी "मस्टो-पूर्णिमा (जेठी पूर्णिमा)" मा सारै रमाइलो गरियो र बाराय-बाराअ-बराह मस्टो देउताको पूजा-सम्मान गरियो ।

नेपाल रास्टका रास्टनायक श्री ५ महाराजाधिराज महेन्द्र बीर बिक्रम शाहदेब सरकार बाट नेपालको विधायिका-वेवस्थापिका "रास्टीय पन्चायत" र कार्यपालिका मन्त्रीमन्डलमा विचार बिमर्श छलफल गरी सर्वसम्मतीबाट विक्रम सम्वत २०२० साल भदौ १ गते नेपाल अधिराज्यमा "नयाँ मुलुकी ऐन" लागु गरी सबै जातका मानिसहरुलाई बराबर गराईबक्स्यो ।

नेपालका प्रधानमन्त्री श्री ३ महाराज जङ्गबहादुर राणाले विक्रम सम्वत १९१० सालमा "मुलुकी ऐन" लागु गरी "चार जात छत्तीस जाती" मा बाँडिएको नेपाली समाजलाई "तागाधारी र मतवाली" गरी दुई जातमा ल्याउनु भएको थियो भने प्रधानमन्त्री श्री ३ महाराज

चन्द्रशमशेर जङग बहादुर राणाले बिकम सम्बत १९७७ सालमा "बिधवा आइमाइलाई ज्यूँदै आगोको चितामा जलाएर मार्ने - सती प्रथा" र बिकम सम्बत १९८३ सालमा "दासदासीको रुपमा मानिसहरुको किनबेच गर्ने - कमारा कमारी प्रथा" नेपाल अधिराज्यबाट हटाइदिनु भएको थियो ।

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहका बंशज श्री ५ महाराजाधिराज महेन्द्र बीर बिकम शाह देब सरकारबाट श्री पशुपतिनाथको देश नेपाल अधिराज्यबाट तागाधारी-मतवाली" जात बेबस्थालाई बिकम सम्बत २०२० सालमा सदाको लागि हटाइदिबक्स्यो । त्याँ देखि सबै जातका मानिसहरु बराबर भए । एसरी जात बेबस्थाको अन्ते भयो र सनातन हिन्दु धर्मको रक्षा र बिकास भयो ।

श्रीमान् गम्भीर नेपाली प्रचन्ड प्रतापी भूपति
श्री ५ सरकार महाराजाधिराजको सदा रहोस् उन्नति
राखुन् चिरायु ईशले, प्रजा फैलियोस् पुकारौँ जय प्रेमले
हामी नेपाली साराले ।
बैरी सारा हराउन शान्त होउन सबै बिध्न बेथा
गाउन सारा दुनियाँले सहर्स नाथको सुकीर्ति कथा
राखौँ शासन भारी बीरताले नेपालमाथि सधै नाथको
श्री होस् ठूलो हामी नेपालीको ।

यो पिर्थिबीका सबै मानिसहरु र प्राणीहरुका कल्ल्याणका लागिं भंगबान बाराअ मस्टो देउता र महायोगी बहादुर बाबाबीच भएको "दिब्य सम्बाद, कुराकानी, सवाल-जबाफ, प्रश्न-उत्तर" लाई भगबान बराह मस्टका आज्ञा बमोजिम "मस्टो-बाणी" नामक यो धर्म-ग्रन्थको रुपमा प्रकाशित गरिएको छ ।

"सुन्नेलाई सुनको माला, भन्नेलाई फुलको माला
यो कथा बैकुन्ठ जाला, भन्दाखेरि तात्तातै आइजाला" !
"ॐ मस्टो बराह"

समाप्त



दसैं - टिका - राखु कोट मौला

तीजको मेला - मालिका

जनै-पूर्णिमा - राखु हुमेनटोल

सिजापति भण्डारी मस्टो - धूपिचौर

भण्डारी मस्टो - साजापानी

भण्डारी मस्टो - रातोमाटा



कटुवाल मस्टो - पस्टोल



रिजाल बाहुन मस्टो - चुनेपानी

थापा क्षेत्री मस्टो देउपूर्ण - थापाथर

G NO
1082

मस्टो बराहथान - साण बलि

सिजापति भण्डारी मस्टो न्याली (साजापानी)

भाइतिहार - बसनढुंगा

भलिबल बाजी - सिजाल गाउं